मजदुर
The Worker Daily दैनिक
❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

वर्ष : २६ ★ अङ्क : ६७ ★ ने. सं. ११४४ चिल्ला गा, पञ्चमी ★ शनिबार ★ १७ चैत, २०८० ★ March 30, 2024, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## भक्तपुर नगरपालिकामा ३० वर्ष सेवा पूरा गरेका र सेवा निवृत्त कर्मचारीहरू सम्मानित




भक्तपुर, १६ चैत । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुर नगरपालिकामा ३० वर्ष सेवा पूरा गरेका र सेवा निवृत्त कर्मचारीहरूलाई शुक्रबार एक कार्यक्रमबिच कदरपत्रका साथ सम्मान गर्नुभयो ।

नेपाल नगरपालिका कर्मचारी एशोसियसन भक्तपुर नगरपालिका समितिको आयोजनामा भएको उक्त कार्यक्रममा कर्मचारीहरूलाई मार्गनिर्देश गर्दै अध्यक्ष बिजुक्छेँले संस्थाको हितविपरीत संस्थालाई नोक्सान हुने काम गर्नेलाई दण्ड जरिवानाको व्यवस्था गर्नुपर्ने बताउँदै उहाँले जनताले सरकारलाई तिर्नुपर्ने कर समयमै तिरी आफ्नो कर्तव्य पूरा गर्नुपर्छ भन्नुभयो ।

अवकाश प्राप्त कर्मचारीहरूले अवकाशपछिका जीवनलाई पनि क्रियाशील ढङ्गले सामाजिक गतिविधिहरूमा लाग्न प्रेरित गर्दै उहाँले कर्मचारीहरूले सचेत भएर काम गरेनन् भने संस्थालाई नकारात्मक असर पुग्नेप्रति सचेत हुनुपर्छ भन्नुभयो ।

भक्तपुर देशकै सानो जिल्ला भएकोले भक्तपुरलाई टेस्ट ट्युबको रूपमा विकास गर्न सकिने विचार व्यक्त गर्दै उहाँले भक्तपुरको विकासलाई अझ परिष्कृत ढङ्गले अगाडि बढाउन आवश्यक भएको बताउनुभयो ।

सहकारी संस्थाहरूले सहकारीको भावना र मर्मअनुसार काम नगरेको हुँदा अहिले धेरै जनता सहकारीबाट पीडित भएको उल्लेख गर्दै उहाँले जनतामाझ सहकारी शिक्षाबारे पनि कक्षा सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कर्मचारीहरू राम्रा भए जनताले सहज सेवा पाउने स्पष्ट पार्दै संस्थालाई गलत दिशामा लानबाट रोक्न कर्मचारीको महत्त्वपूर्ण भूमिका हुने बताउनुभयो ।

कर्मचारीहरू राजनीतिक प्राणी पनि भएको हुँदा देशमा भइरहेको विभिन्न राजनैतिक गतिविधिबारे जानकारी राख्नु आवश्यकता औँल्याउँदै उहाँले कर्मचारीहरूले नेतृत्वसँग समन्वय गरी जनप्रतिनिधिको नीति र निर्देशन राम्रोसँग पालना गरी काम गरे संस्था व्यवस्थित ढङ्गले अगाडि बढ्ने बताउनुभयो ।


भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले जनप्रतिनिधि र कर्मचारीहरूको संयुक्त सहकार्य र हातेमालोले गर्दा भक्तपुर देशकै नमुना नगरको रूपमा परिचित बनेको बताउँदै जनताको भावना बुझेर काम गर्न कर्मचारीहरूलाई मार्गनिर्देश गर्नुभयो ।

नेपाल नगरपालिका कर्मचारी एशोसियसन भक्तपुर नगरपालिका समितिका अध्यक्ष गौतमप्रसाद लासिवाले राजनीतिकरूपले सचेत कर्मचारीले मात्रै देश र जनताको हितमा काम हुने चर्चा गर्दै कर्मचारीहरूले अध्ययनलाई निरन्तरता दिनुपर्ने बताउनुभयो । भ्रष्ट कर्मचारीहरूलाई संरक्षण गर्ने काम शासकहरूबाटै हुँदै आएको उल्लेख गर्दै उहाँले भक्तपुर नपाले सङ्घीयताको सफल अभ्यास गरिरहेको बताउनुभयो ।

भक्तपुर नपाका प्रशासकीय अधिकृत दामोदर सुवालले ३० वर्ष आफ्नो कार्यकालको अनुभव सुनाउँदै कर्मचारीहरूलाई देश र जनताप्रति दत्तचित्त भएर काम गर्न प्रेरित गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकामा ३० वर्ष सेवा पूरा गरेका १५ जना र सेवा निवृत्त ८ गरी २३ जना कर्मचारीलाई प्रमुख अतिथि बिजुक्छेँले कदरपत्र र नगर प्रमुख प्रजापतिले पुष्प गुच्छाका साथ सम्मान गर्नुभएको थियो ।

कार्यक्रममा कर्मचारी एशोसिएनका विकास प्रजापतिले स्वागत मन्तव्य राख्नुभएको थियो भने राजेश दिष्टिले पनि बोल्नुभएको थियो ।




## देशको उद्योग तथा व्यापार बलियो बनाउन घरेलु तथा साना उद्योगलाई बलियो बनाउनुपर्ने

भक्तपुर, १६ चैत । नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालले भक्तपुर घरेलु तथा साना उद्योग सङ्घको आयोजनामा भएको ‘संस्कृति संरक्षण तथा पर्यटन प्रवर्द्धनका लागि घरेलु उत्पादन मेला २०८०’ को शुक्रबार एक कार्यक्रमबिच उद्घाटन गर्नुभयो ।

न:पुखु परिसरमा सञ्चालित दुईदिने घरेलु उत्पादन मेलाको उद्घाटन गर्दै प्रमुख अतिथि प्रेम सुवालले भन्नुभयो, “घरेलु तथा साना उद्योग ठुला उद्योगहरूको जग हो । घरेलु तथा साना उद्योगमा ३२ लाख जनसङ्ख्या संलग्न छन् । कुल कर्जा प्रवाह भएको ४८ खर्ब रूपैयाँमध्ये १ खर्ब रूपैयाँमात्र घरेलु तथा साना उद्योगको लागि दिइएको छ । घर बलियो बनाउन जग बलियो बनाउनु पर्नेजस्तै साना तथा घरेलु उद्योगको विकास नभएसम्म ठुला उद्योग बलियो हुनेछैन ।”

उहाँले भन्नुभयो, “सरकारको बजेटको सिद्धान्त र प्राथमिकतामा नेमकिपाले कृषिलाई पहिलो प्राथमिकता दिनुपर्ने सुझाव दिएको छ । घरेलु तथा साना उद्योगको आधार कृषि हो । सरकारले भारतीय एकाधिकार पुँजीलाई बिजुली सस्तोमा बिक्री गर्न भारतीय लगानीमै जलविद्युत् उत्पादन गर्ने विषयलाई प्राथमिकतामा राखेको छ ।”

सरकारले व्यापारघाटा १८-२० खर्ब रूपैयाँ पुग्ने गरी भारतीय एकाधिकार पुँजीसँग खाना पकाउने ग्यास, पेट्रोल-डिजेल र दाल-चामल-तरकारी खरिद गर्ने होइन । नेपालको नदी-नालाबाट आफ्नै लगानीमा बिजुली उत्पादन गरी सरकारले नेपालीलाई बिजुली दिनु जरूरी छ, उहाँले भन्नुभयो ।

प्रधानमन्त्री पुष्पकमल दाहालको पछिल्लो भारत भ्रमणमा नेपालको फुकोट कर्णाली जलविद्युत् परियोजना भारतीय एकाधिकार पुँजीलाई दिनुभयो । कोसी-गण्डक-महाकाली र माथिल्लो कर्णालीलगायत भारतीय एकाधिकार पुँजीसँग भएको सन्धि-सम्झौता खारेज गर्नुपर्ने आवाज उठिरहेकोलाई बेवास्ता गरी नेपालका सरकारहरूले देशघाती सन्धि-सम्झौता गर्दै छन्, सांसद सुवालले भन्नुभयो ।

उहाँले भन्नुभयो, “सरकारका प्रमुखदेखि एक अधिकारीसम्मले आफ्नो हस्ताक्षर गर्नुअघि देशघात र जनघात हुन्छ हुँदैनबारे बुझ्नु जरूरी छ । बेलायती-भारतसँग सुगौली सन्धि गर्न गएका नेपाली दूतहरू गजराज मिश्र र चन्द्रशेखर उपाध्यायले आफ्नो लागि भारतमा जग्गा-जमीन लिएर देशघात गरेका थिए ।”

“नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को सन्धि र नेपाली युवालाई ‘भाडाको सिपाही’ बनाउने गोर्खा भर्ती सन्धि गर्नेहरूले नेपाल हित हेरेनन् । अहिले ८० लाख नेपाली युवालाई बहुराष्ट्रिय कम्पनीको सस्तो ज्यामी बन्न पठाइएको छ । यसमध्ये ३ लाख ५० हजार नेपाली महिलाहरू दुर्व्यवहारको सिकार भएको समाचार छ”, सांसद सुवालले भन्नुभयो ।

उहाँले भन्नुभयो, “पुँजीवादी सरकारहरूले सरकारी र सार्वजनिक सम्पत्तिसमेत मुट्ठीभरका व्यक्तिहरूलाई कब्जा गराउँछन् । गोकर्ण रिसोर्टको ३००० रोपनी सरकारी जग्गा, बालमन्दिरको सरकारी जग्गा र थबहीको सरकारी जग्गा व्यक्तिको कब्जामा छ । भक्तपुरका सार्वजनिक पोखरीहरू पनि व्यक्तिको कब्जामा छ । सम्बन्धित सरकारी कार्यालयका अधिकारीहरूको जानकारीमै सार्वजनिक र सरकारी सम्पत्ति व्यक्तिको कब्जामा दिइएको हुनुपर्दछ ।”

सांसद सुवालले भन्नुभयो, “नेपालको पर्यटन उद्योगलाई टेवा पुऱ्याउने घरेलु तथा साना उद्योग पनि हो । भक्तपुरको मौलिक उत्पादन दही, भादगाउँले टोपीलगायत हस्तकलाका उत्पादनलाई प्रवर्द्धन गर्नु जरूरी छ । पर्यटन उद्योगलाई टेवा पुऱ्याउने जलमार्ग र पर्वतीय पदमार्ग अवरूद्ध पारिएको छ । भारतलाई बिजुली बेच्ने निहुँमा नेपालका नदीनालामा जलविद्युत् उत्पादन योजना राखिएको हुँदा जलमार्ग अवरूद्ध भएको र पहाडमा सडक निर्माण गर्न डोजर चलाइँदा पर्वतीय पदमार्ग बिग्रिएको सम्बन्धित क्षेत्रका सरोकारवालाहरूको गुनासो छ ।”

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले घरेलु मेला आयोजनाले घरेलु उत्पादनबारे प्रचारप्रसार हुनुका साथै व्यापार प्रवर्द्धनमा समेत मद्दत पुग्ने बताउँदै भक्तपुरको जुजु धौ, भादगाउँले टोपी, हाकुपटासी, टाइचिन च्युराजस्ता वस्तुहरू विश्व बजारमा पुऱ्याउन सके त्यसले देशको आर्थिक विकासमा मद्दत पुग्ने बताउनुभयो ।

हरेक वस्तु विदेशी उत्पादनमा भर पर्दा नेपालको उत्पादन घट्नुका साथै बेरोजगारीको समस्या पनि बढ्दै गइरहेको स्पष्ट पार्दै उहाँले घरेलु उत्पादनहरूलाई नेपालमा मात्र नभई विदेशी बजारसम्म पुऱ्याउने वातावरण सिर्जना गर्न सके विदेशी मुद्रा आर्जन गर्न टेवा पुग्ने बताउनुभयो ।

युवाहरूलाई उद्यमशील बनाउने नीतिअनुरूप भक्तपुर नपाले युवा

*बाँकी पृष्ठ ८ मा*

सूचना सूचना

भक्तपुर इँटा तथा टायल उद्योग प्रा.लि., जगाती, भक्तपुरबाट उत्पादन भएको उच्च गुणस्तरीय चाइनिज र बिबिटी मेशिन मेड इँटा २ महिनाको लागि मात्र भारी छुटमा बिक्री भइरहेको छ । यस मौकाको फाइदा उठाई मजबुत घर, भवन र पर्खालको साथै अन्य निर्माण गरी ढुक्क हुनुहोस् ।

**भक्तपुर इँटा तथा टायल उद्योग प्रा.लि.**
जगाती, भक्तपुर, फोन : ६६१०१९०, ६६१०१९१, ६६१३९६२







भक्तपुर घरेलु तथा साना उद्योग सङ्घको आयोजनामा भएको ‘संस्कृति संरक्षण तथा पर्यटन प्रवर्द्धनका लागि घरेलु उत्पादन मेला’ । *तस्बिर: मजदुर दैनिक*

# एक सय ५९ खानी उत्खननका लागि अनुमति

काठमाडौँ, १६ चैत (रासस) । खानी तथा भूगर्भ विभागले विभिन्न समयमा खोजतलास गरिएका एक सय ५९ खानीलाई उत्खनन गर्नका लागि अनुमतिपत्र प्रदान गरेको छ ।

खानी क्षेत्रको विकास र विस्तारमार्फत राज्यलाई योगदान दिँदै आएको विभागले देशका विभिन्न क्षेत्रमा खानी उत्खननका लागि अनुमतिपत्र प्रदान गरेको हो । खानी उत्खननका लागि यसअघि एक सय ५२ खानीलाई अनुमतिपत्र प्रदान गरे पनि चालु आवमा थप सातवटालाई अनुमतिपत्र प्रदान गरिएको विभागका सूचना अधिकारी नारायण बाँस्कोटाले जानकारी दिनुभयो ।

यस्तै, सो विभागले चार सय २२ खानी खोजतलास गर्नका लागि अनुमतिपत्र (लाइसेन्स) प्रदान गरेको छ । नेपालको खनिजजन्य उद्योग प्रवर्द्धनका लागि यसअघि तीन सय ५९ खानीलाई खोजतलास प्रदान गरेको विभागले चालु आवमा थप ६३ खानीलाई खोजतलासका लागि अनुमतिपत्र प्रदान गरेको सूचना अधिकारी बाँस्कोटाले बताउनुभयो ।

सूचना अधिकारी बाँस्कोटाका अनुसार फलाम, तामा, सुन, चुनढुङ्गा, ग्रेनाइट, रूबी, डोलोमाइटलगायत सम्भाव्य खानीको खोजतलासका लागि विभागबाट लाइसेन्स प्रदान गरिएको हो ।

विसं २०३३ देखि आधिकारिक रूपमा स्थापना भई खानी र भूगर्भको क्षेत्रमा काम गर्दै आएको विभागले हालसम्म ५० भन्दा बढी खानीको पहिचान गरी उत्खननका लागि विभिन्न कम्पनीलाई अनुमतिपत्र प्रदान गरेको छ । उदयपुर सिमेन्ट कारखाना र हेटौँडा सिमेन्ट उद्योगलाई चाहिने चुनढुङ्गा खानी विभागले यसअघि अध्ययन गरेर प्रदान गरेको हो ।

विभागका महानिर्देशक रामप्रसाद घिमिरेले खानी विभागले यस वर्ष मात्रै १० भन्दा बढी स्थानमा खानीको अध्ययन गरिरहेको बताउनुभयो । उहाँका अनुसार पूर्वी रूकुमको भूमे गाउँपालिकास्थित झुलावाङ क्षेत्रमा फलाम, सङ्खुवासभाको लुहाकोटमा फलाम, भोजपुरको दिङ्लामा तामा, सिन्धुलीको खनियाखर्कमा ग्रेनाइट, धादिङको सुनौला बजारमा डोलोमाइट, धादिङको गणेश हिमालमा रूबी, रूकुममा तामा, उदयपुरको रतुवामाईमा फलाम, मधेस प्रदेशमा सेरामिक्स र धादिङको बेनीघाटमा चुनढङ्गाको अध्ययन भइरहेको छ ।

चालू आवमा सो विभागले खनिज कार्यका लागि अनुमतिपत्र प्रदान भएका कम्पनीले समयमा नै काम नगरेको भन्दै एक सय सात खानी तथा कम्पनीको अनुमतिपत्र रद्द गरेको छ । चालु आवमा ८२ खानीको अनुगमन तथा निरीक्षण गरिएको छ ।

विभागले चालु आवको फागुनसम्म खानी उत्खनन तथा खोजतलासका लागि अनुमति प्रदान गरेबापत रू. ३३ करोड ३२ लाख राजस्व सङ्कलन गरिएको छ । फागुन मसान्तसम्म रू. ३५ करोड ६६ लाख ३३ हजार ४४ राजस्व सङ्कलन गरेको थियो ।

# चैते झरीले बाटो हिलाम्य, ३० मिनेटको दूरीलाई चार घण्टा

दमौली (तनहुँ), १६ चैत (रासस) । तनहुँको भिमाद घर भई दमौली बस्दै आउनुभएका राजेन्द्र अर्याललाई खैरेनीटारदेखि दमौली आइपुग्न तीन घण्टा लाग्यो । दुई दिनदेखि परेको झरीका कारण राजमार्ग हिलाम्य भएपछि २२ किलोमिटर दूरी छिचोल्न उहाँलाई तीन घण्टा लागेको हो ।

अर्यालले भन्नुभयो, “झरीले राजमार्ग हिलाम्य छ । हिलाम्य राजमार्गमा सवारीसाधन फसेर निकै बेर जाममा बस्नुपर्‍यो ।” खैरेनीटारदेखि थर्पुसम्मको खण्डमा बढी समस्या रहेको उहाँको भनाइ छ । मुग्लिन पोखरा सडक विस्तारका क्रममा ठाउँठाउँमा एकतर्फी कालोपत्रको काम अगाडि बढे पनि कालोपत्र नभएका ठाउँमा हिलो माटोले सवारीसाधन फस्दा यात्रु कष्टकर यात्रा गर्न बाध्य छन् ।

खैरेनीटारमा व्यवसाय गर्दै आउनुभएका ज्ञानेन्द्र काफ्लेलाई दमौली आइपुग्न दुई घण्टाभन्दा बढी लाग्यो । हिलोका कारण गाडी फसेपछि बसबाट झर्न पनि मिलेन । दुई दिनदेखि परेको वर्षाका कारण मुग्लिन पोखरा सडकअन्तर्गत तनहुँको कोत्रेदेखि आँबुखैरेनीसम्मको यात्रामा यात्रुले सास्ती भोग्नुपरेको छ । विशेषगरी जामुनेदेखि कोत्रेसम्मको यात्रामा बढी समस्या छ ।

मुग्लिन पोखरा सडक आयोजना पश्चिम खण्डका इन्जिनियर नारायण पौडेलले वर्षायामअघि सडकको नाली बनाउने योजना भए पनि नाली तयार नभइसकेकाले यो समस्या आएको बताउनुभयो । पूर्वी खण्डमा ५० र पश्चिम खण्डमा १७ प्रतिशत प्रगति भएको छ । मुग्लिन पोखरा सडक योजना पूर्वी खण्डका इञ्जिनियर विष्णुप्रसाद पाण्डेका अनुसार २० किमी खण्ड कालोपत्र भइसकेको छ । आँबुखैरेनी, बन्दीपुर र व्यास नगरपालिकाका विभिन्न भागमा गरी १२ किमी दुईतर्फी र आठ किमी एकतर्फी खण्ड कालोपत्र सकिएको छ ।

पूर्वी खण्डको कामका लागि विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरू भएको थियो । ४१ दशमलव ४५ किमी दूरीको यो खण्डमा तीन ठुला र चार साना पुल निर्माण गरिनेछ । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले पाएको छ । यो खण्डको म्याद विसं २०८१ वैशाखसम्म रहेको छ ।

पश्चिम खण्डअन्तर्गत जामुनेदेखि पोखरासम्म कालोपत्रको काम अगाडि बढेको छ । तनहुँको म्याग्दे गाउँपालिकास्थित जामुने, शुक्लागण्डकी नगरपालिकास्थित हलेदली र कोत्रेमा कालोपत्रको काम भइरहेको छ । पोखरा खण्डमा कालोपत्र हुँदै छ । पश्चिम खण्डमा हालसम्म ६ किमी एकतर्फी सडक कालोपत्र भइसकेको छ । पश्चिम खण्डअन्तर्गत जामुनदेखि पोखरासम्म विसं २०७८ जेठ २ गते सम्झौता भई विसं २०७८ भदौ १२ गतेदेखि काम सुरू भएको थियो । यो खण्ड निर्माणको जिम्मा चिनियाँ कम्पनी यनहुई काइयुयान हाइवे एन्ड ब्रिज कन्स्ट्रक्सनले पाएको छ । यो खण्डको काम सम्पन्न गर्ने मिति विसं २०८१ भदौसम्म छ । यो खण्ड रू. सात अर्ब ४० करोड ४६ लाखमा ठेक्का लागेको थियो ।

# व्यवसायमा हुने जोखिम न्यूनीकरण र डिजिटल मार्केटिङबारे ख्वपमा प्रशिक्षणमा

भक्तपुर, १६ चैत । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेजमा विश्वविद्यालय अनुदान आयोगको सहकार्यमा Entrepreneurship Support Program अन्तर्गत विभिन्न सेसनहरू सञ्चालन भइरहेका छन् । यसै क्रममा चैत १६ गते व्यवसायमा हुनसक्ने जोखिम, यसको व्यवस्थापन सम्बन्धमा चिरायु तथा डल्फीन प्रेसका निर्देशक तथा प्रोप्राइटर शङ्करकुमार खड्काले प्रशिक्षण दिनुभयो ।

कुनै पनि व्यवसाय सुरु गर्नुभन्दा अगाडि त्यस व्यवसायमा आइपर्न सक्ने जोखिमहरूको बारेमा अध्ययन गर्नु जरुरी भन्दै प्रशिक्षक खड्काले व्यवसाय गर्ने व्यवसायी वा उद्यमीले व्यवसायमा बढी जोखिम लिनेले बढी फाइदा लिन्छ, कम जोखिम लिनेले कममात्र फाइदा कमाउँछ भन्नुभयो । जोखिमलाई कम गरेर, बिकार गरेर, जोखिमलाई अन्यत्र स्थानान्तरण गरेर पनि व्यवसायमा आइपर्ने जोखिमलाई कम गर्न, विदेश जाने युवाहरूलाई नेपालमा केही गर्न सकिने विचार व्यक्त गर्दै उहाँले कम लगानीमा उद्योग व्यवसाय सुरु गर्न सकिने कुरामा जोड दिनुभयो ।

नेपालमा कृषि र पर्यटन क्षेत्रमा अथाह सम्भावना रहेको बारेमा पनि उहाँले चर्चा गर्नुभयो । उहाँले भन्नुभयो, “नेपालको माटो निकै मलिलो र उर्वरा शक्ति भएको छ । यसको सही उपयोग गरी यो क्षेत्रलाई अगाडि बढाउन सकेमा मात्र समग्र देशको आर्थिक उन्नति हुने गर्दछ । सफल उद्यमी बन्नको लागि हामीले आफ्नो जीवनशैलीलाई पनि विशेष ध्यान दिनुपर्दछ मद्यपान, धूमपानबाट टाढा बस्नुपर्दछ । आफ्नो जीवनशैली सरल र सहज बनाउनु जरुरी छ । व्यवसायीले आफ्नो व्यवसायको लागि विशेषरूपमा योजना बनाउनु जरुरी हुन्छ । व्यवसायलाई दिगोरूपमा लैजानकामदार र व्यवसायीको बिचमा भावनात्मक सम्बन्धको विकास गर्नुपर्दछ ।”

आजकै दोस्रो सेसनमा एफएन क्लिकका निर्देशक अनिल पाउँले प्रशिक्षार्थीहरूलाई डिजिटल मार्केटिङ यसको व्यवसायमा प्रभाव र व्यवसाय प्रवर्द्धनमा डिजिटल मार्केटिङको भूमिकाबारेमा विशेष चर्चा गर्नुभयो । आजको समय आधुनिकतामा अगाडि बढिसकेको बताउँदै उहाँले परम्परागत शैलीले आफ्नो व्यवसायको विकास गर्न नसकिने, यसको लागि आफ्नो व्यवसायलाई डिजिटल मार्केटिङमार्फत प्रचारप्रसार गर्नुपर्ने कुरामा जोड दिनुभयो । प्रशिक्षक पाउँ अस्ट्रेलियाको अनलाइनमा केटिङ गुरुजका सिनियर डेभलपर पनि हुनुहुन्छ ।

# बाँकेमा बालविवाह न्यूनीकरण चुनौतीपूर्ण

खजुरा (बाँके), १६ चैत । बाँकेमा ‘बिहेवारी बीस वर्षपारि’ अभियानलाई सफल बनाउन चुनौती देखिएको छ ।

उक्त अभियानको सफलताका लागि जिल्लाका विभिन्न सङ्घसंस्था, जनप्रतिनिधि, स्थानीय युवाले संस्थागत रूपमा जनचेतनामूलक कार्यक्रम गरेपनि मुस्लिम र मधेसी समुदायमा बालविवाह रोक्न चुनौती देखिएको हो ।

अझै पनि मुसस्लम र मधेसी समुदायमा बालविवाह गर्दाका असर र समस्याबारे बुझाउन नसक्दा अभियान चुनौतीपूर्ण बनेको बाल अधिकारकर्मी साहिल अन्सारीले बताउनुभयो । “जिल्लामा बालविवाह कतिले गरिरहेका छन् भन्ने यकिन तथ्याङ्क नभए पनि बालविवाह बढ्दै गएको यस क्षेत्रमा काम गर्ने सङ्घसंस्था बुझाइ छ”, उहाँले भन्नुभयो ।



जिल्ला प्रहरी कार्यालयमा लिखित र मौखिक गरी प्रत्येक आर्थिक वर्षमा सरदर ५० बढी उजुरी परेको पाइए पनि दोषीमाथि यथेष्ट कानुनी कारबाही नभएको पाइएको बाल अधिकारकर्मी एवं सिविन नेपाल नेपालगञ्जका प्रमुख सिद्धराज पनेरुले बताउनुभयो ।

“उजुरी गर्नेको सङ्ख्या कम देखिएको मात्र हो । मुस्लिम र मधेसी समुदायमा बालविवाह अझै पनि निर्बाध हुने गरेको छ”, उहाँले भन्नुभयो । दुई परिवारको सहमतिमा हुने बालविवाह कानुनले नियन्त्रण गर्न नसकिने भएकाले अभिभावकमा जागरण ल्याउनुपर्ने खाँचो रहेको उहाँले बताउनुभयो ।

बाल अधिकारकर्मी पनेरुका अनुसार जिल्लामा बढ्दै गएको बालविवाह रोकथामका लागि सरकारी तथा गैरसरकारी सङ्घसंस्थाले प्रहरीसँगको समन्वयमा काम गरिरहेका छन् यो प्रयास पछि पनि बालविवाह पूर्ण रूपमा रोकिन भने नसकेको उहाँको भनाइ छ । नेपालको कानुनले बालविवाह गर्ने र गराउनेलाई तीन वर्ष कैद र रू. ३० हजारसम्म जरिवानको व्यवस्था गरेको पनेरुले जानकारी दिनुभयो ।

बालविवाह रोकथामका लागि बनाइएका कानुन प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्दा बालविवाहका घटना बढ्दै गएका अधिवक्ता विश्वजित तिवारीले बताउनुभयो । स्थानीय सरकार र यस क्षेत्रमा कार्यरत सङ्घसंस्थाले सामूहिकरूपमा पहल गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

बाँके मधेसी र मुस्लिम समुदायको बाहुल्यता भएको जिल्ला हो । विशेष गरेर यो समुदायमा २० वर्ष नपुग्दै विवाह गर्ने प्रचलन भएपनि कानुनले २० वर्षपछि विवाह गर्न पाउने व्यवस्था गरेको छ ।

पाँच वर्षअघि नेपालगञ्जमा सञ्चालन गरिएको बालमैत्री स्थानीय शासन अभियानमा बालविवाहसम्बन्धी सूचक समावेश गरिए पनि त्यसको कार्यान्वय पक्ष भने प्रभावकारी हुन सकेको छैन । अभियानअन्तर्गतका कार्यक्रमले गति लिन नसकेपछि बालविवाह रोकथामसम्बन्धी मुद्दा क्रमश: ओझेलमा पर्दै गएकामा सरोकारवालाले चिन्ता व्यक्त गर्न थालेका छन् । रासस

# बङ्लादेशी नागरिकलाई नेपाल ल्याई बन्धक बनाउने पक्राउ

काठमाडौँ, १६ चैत । बङ्गलादेशका नागरिकलाई युरोप पठाउने भन्दै नेपाल ल्याई बन्धक बनाइराख्ने काममा संलग्न थप एकजना बङ्गलादेशी नागरिकलाई नेपाल प्रहरीले पक्राउ गरी आज सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा यासिर अहमद भनिने एमडी यासिर बङ्गला रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक नकुल पोखरेलले जानकारी दिनुभयो । उहाँका अनुसार निजलाई काठमाडौँ महानगरपालिका-९ सिनामङ्गलबाट हिजो बिहीबार पक्राउ गरी शुक्रबार सार्वजनिक गरिएको हो ।

पक्राउ परेका निज बङ्गलाले बङ्गलादेशी नागरिकहरूलाई युरोपका विभिन्न देशमा वैदेशिक रोजगारीमा पठाउने विश्वास दिलाई बङ्गलादेशबाट नेपाल ल्याई काठमाडौँ महानगरपालिका-१६ पकनाजोलस्थित निभाना ग्रिन पिस होम नामक होटलको कोठामा राखी पीडितहरूको पासपोर्ट नियन्त्रणमा लिएर बन्धक बनाइराखेको पोखरेलले बताउनुभयो ।

उहाँले भन्नुभयो, “पक्राउ परेका बङ्गलालाई अपहरण तथा शरीर बन्धक कसुरमा आवश्यक अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी परिसर टेकु पठाइएको छ ।”

## सङ्क्षिप्त समाचार

### हेलम्बुमा हाइअल्टिच्युड भलिबल प्रतियोगिता हुने

सिन्धुपाल्चोक, १६ चैत (रासस) जिल्लाको उच्च लेकाली भेग हेलम्बुमा 'हाइअल्टिच्युड भलिबल' प्रतियोगिता हुने भएको छ । समुन्द्री सतहदेखि दुई हजार पाँच सय मिटरको उचाइमा वाग्मती प्रदेशस्तरीय अन्तरपालिका अध्यक्ष कप पुरूष र महिला भलिबल प्रतियोगिता हुने भएको हो । सो खेल हेलम्बुको पर्यटकीयस्थल सेर्माथाङमा हुनेछ ।

खेल पर्यटन प्रवर्द्धन गराउने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको गाउँपालिका अध्यक्ष निमा ग्याल्जेन शेर्पाले बताउनुभयो । प्रतियोगिता २०८० साल चैत २३ देखि ३० गतेसम्म हुनेछ । पुरूषतर्फको प्रतियोगिता चैत २३ देखि २६ गतेसम्म चल्नेछ । यसैगरी चैत २७ देखि ३० गतेसम्म महिलातर्फ भलिबल प्रतियोगिता हुने पालिकाले जनाएको छ ।

खेलमा प्रथम हुने महिला तथा पुरूषको टोलीले रू. तीन लाख नगद पुरस्कार, ट्रफी, मेडल र प्रमाणपत्र पाउनेछ । यसैगरी, द्वितीय पुरस्कार रू. एक लाख ५० हजार र तृतीय पुरस्कार रू. ७५ हजार, ट्रफी, मेडल र प्रमाणपत्र रहेको छ । उत्कृष्ट स्पाइकर, उत्कृष्ट सटर, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट ब्लकर र उत्कृष्ट खेलाडीहरूलाई ट्रफी, मेडल र प्रमाणपत्र दिइने आयोजकले जनाएको छ ।

### मिटरब्याजका पाँच मुद्दामा मिलापत्र

चितवन, १६ चैत (रासस) । अनुचित लेनदेन (मिटर ब्याज) का मुद्दा जिल्ला प्रहरी कार्यालयबाट हेर्न थालेसँगै चार निवेदनमा मिलापत्र गराइएको छ । जिल्ला प्रशासन कार्यालयबाट गत माघ ११ गते प्रहरी कार्यालयमा आएका ६३ निवेदनमध्ये चार र सोही मितिपछि परेका दुई मुद्दामध्ये एउटाको मिलापत्र भएको हो ।

अन्य मुद्दामाथि समेत दुई पक्षलाई बोलाएर छलफल भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक श्रीराम भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार माघ ११ गतेदेखि गृह मन्त्रालयको निर्देशनअनुसार अनुचित लेनदेनका निवेदन प्रहरीले हेर्न थालेको हो ।

सो क्रममा रू. १६ लाख बराबरका निवेदनमा मिलापत्र भएको उहाँले जानकारी दिनुभयो । जिल्ला प्रशासन कार्यालयमा ८६ निवेदनमध्ये २३ निवेदन कार्यालयले प्रहरीमा नआउँदै मिलापत्र गरेको थियो । भण्डारीका अनुसार अहिले प्रहरीले अनुचित लेनदेनका निवेदन नियमित लिने गरेको छ । निवेदनमाथि छलफल गराउँदा अनुचित ठहरिए सोहीअनुसार अघि बढ्ने र छलफलको क्रममा मिलापत्र भए मिलापत्र गर्ने गरेको उहाँले बताउनुभयो ।

प्रहरीमा निवेदन आएसँगै अहिलेसम्म कुनै पनि मुद्दा अदालतमा नगएको उहाँले जानकारी दिनुभयो । बाँकी रहेका निवेदनमा समेत वादी र प्रतिवादी बोलाएर छलफल गराउने क्रम जारी रहेको उहाँले बताउनुभयो ।

### जथाभावी फोहर फाल्नेबाट महानगरले उठायो रू. २७ लाख

वीरगञ्ज (पर्सा), १६ चैत (रासस) । वीरगञ्ज महानगरपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ को आठ महिना अवधिमा जथाभावी फोहोर फाल्नेबाट रू. ११ लाख ६५ हजार नौ सय जरिवानाबापत राजस्व सङ्कलन गरेको छ । जथाभावी फोहर फाल्ने व्यक्ति तथा संस्था गरी तीन सय ८० जनामाथि महानगरले कारबाही गरेको हो ।

महानगरपालिकाका सरसफाइ शाखा प्रमुख सरफुद्दिन मियाँका अनुसार गत २०७९ पुस १७ गतेदेखि जरिवानाको नियम लागु भएकोमा हालसम्म नौ सय जना कारबाहीमा परिसकेका छन् । महानगरले रू. २७ लाख दुई हजार छ सय पाँच जरिवानाबापत राजस्व सङ्कलन गरिसकेको छ ।

"घर, पसल र कार्यालयबाट निस्किने फोहर जथाभावी फाल्ने प्रवृत्ति छ", सरसफाइ शाखा प्रमुख मियाँले भन्नुभयो । अभियानलाई प्रभावकारी बनाउन सार्वजनिक मुद्दा चलाउने महानगरको योजना छ ।

सफा, स्वच्छ र सुन्दर महानगर बनाउने उद्देश्यका साथ निजी संस्थासँग सहकार्य गरी महानगरको ३२ वटै वडामा तीन चरणमा नियमित सफाइ हुँदै आएको छ । वर्षायाम सुरू हुनुअघि महानगरपालिकाभित्रका सबै साना ठुला नाला सफा गरिसक्ने प्रमुख मियाँले बताउनुभयो ।

केही वर्षअघिसम्म वीरगञ्ज महानगर दुर्गन्धित नगरका रूपमा चिनिन्थ्यो । वीरगञ्जलाई सफा महानगर बनाउने लक्ष्यका साथ योजना अघि बढाइएपछि अहिले सफा र सुन्दर देखिन थालेको छ । तर बजेट अभावको कारण सरसफाइ गर्ने कर्मचारी हटाएपछि चुनौती थपिएको प्रमुख मियाँको भनाइ छ ।

### सात सयभन्दा बढी बैङ्किङ कसुरका निवेदन

चितवन, १६ चैत । जिल्ला प्रहरी कार्यालय चितवनमा चालु आर्थिक वर्षको हालसम्म सात सय ५३ बैङ्किङ कसुरका उजुरी परेका छन् ।

कार्यालयको बैङ्किङ कसुर शाखाका वरिष्ठ प्रहरी नायब निरीक्षक राम कार्कीका अनुसार विसं २०७९ मङ्सिरदेखि शाखा स्थापना भई बैङ्किङ कसुरका निवेदन दर्ता गर्न थालिएको हो । चालु आवमा परेका निवेदनमध्ये एक सय ६५ मुद्दा दर्ता भइसकेको उहाँले जानकारी दिनुभयो ।

शाखामा परेका उजुरीमध्ये २० प्रतिशत आपसी मेलमिलाप हुने गरेको कार्कीले बताउनुभयो ।

निवेदन परिसकेपछि कार्यालयले सम्बन्धित व्यक्तिलाई छलफलका क्रममा बोलाउने गरेको प्रहरी नायब निरीक्षक कार्कीले बताउनुभयो । छलफलमा सहमति भएर पीडितले आफ्नो रकम पाउने सुनिश्चित भएसँगै मिलापत्र हुने उहाँको भनाइ छ ।



लिलाम हुन नसकेका सवारीसाधन
कैलालीको सत्ती भन्सार कार्यालय परिसरमा लिलाम हुन नसकेका सवारीसाधन । *तस्बिर: झलनाथ खनाल/रासस*

# कोहलपुर–सुर्खेत प्रसारण लाइनः रूख कटान प्रक्रिया सुरू

काँक्रेविहार (सुर्खेत), १६ चैत ( रासस) । कर्णालीको विद्युतीकरणका लागि क्रान्ति ल्याउने उद्देश्यले निर्माण कार्य थालिएको कोहलपुर-सुर्खेत एक सय ३२ केभी प्रसारण लाइन निर्माण गर्न रूख कटान प्रक्रिया सुरू भएको छ । रूख कटानको लागि छपान कार्य सकिएको आयोजनाले जनाएको छ ।

आयोजनाले विद्युत् प्रसारण लाइनअन्तर्गत राष्ट्रिय निकुञ्जमा पर्ने ६ हजार दुई सय ३६ रूख काट्ने अनुमति पाएसँगै निर्माणको बाटो खुलेको हो । विसं २०७९ असार १५ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयले राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्ने रूख कटान अनुमति दिइएको थियो । सोही अनुमतिअनुसार रूखमा छपान कार्य सकिएको आयोजना प्रमुख रवि चौधरीले बताउनुभयो । विद्युत् विस्तारका लागि बाँके र बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्ने रूख कटान गरिने भएको छ ।

उहाँले भन्नुभयो, "रूख छपान सकियो, अब कटानको फाइल प्रमाणित भएर आउने बित्तिकै रूख काटिने छन् । सरकारले रूख कटानका लागि दिइएको अनुमति र आयोजनाले गरेको रूख छपानको विवरण राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा पेस गरिएको छ ।"

बाँके राष्ट्रिय निकुञ्जमा दुई हजार नौ सय १६ र बर्दिया राष्ट्रिय निकुञ्जका तीन हजार तीन सय २० रूखमा छपान गरिएको छ । सरकारले बाँके र बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्ने ६ हजार दुई सय ३६ रूख कटान अनुमति दिइएको हो । अहिले ती रूखमा छपान गरेर विभागमा विवरण पेस गरिएको छ । विवरण प्रमाणित भएर आएलगत्तै अबको केही दिनमा रूख कटानको काम हुने उहाँको भनाइ छ ।

लाइन विस्तार कार्यको सुरूआत २०७७ असारदेखि गरिएको थियो । आयोजनाको ७० प्रतिशत प्रगति हासिल भएको छ । अझै ३० प्रतिशत काम गर्न बाँकी छ । विसं २०८० चैतमा आयोजनाको सम्झौता सकिँदै छ । ६ महिना म्याद थप गरेर आयोजनाको काम अघि बढाइने जनाइएको छ ।

विद्युत्को प्रसारण लाइन विस्तारका लागि भारतीय निर्माण कम्पनी आरएस इन्फ्राप्रोजेक्ट प्रालिले ठेक्का लिएको छ । रू. ७० करोडमा ठेक्का पाएको आयोजना कार्यालयले जनाएको छ । हालसम्म आयोजनाले एक सय पाँच फाउन्डेसन निर्माण गरेको छ । बाँकी दशवटा फाउन्डेसन निर्माण भइरहेका छन् । यस्तै, २२ किलोमिटर तार तान्ने काम सकिएको छ । सुर्खेतको सुब्बाकुनामा सब-स्टेसन निर्माणको काम अन्तिम चरणमा पुगेको छ ।

आयोजनाको प्रसारण लाइन विस्तार क्षेत्रमा रहेका रूख कटान अनुमति पाए पनि जग्गा विवाद भने कायमै रहेको छ । सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-११ सुब्बाकुना र बाँकेको बैजनाथमा जग्गा विवाद समाधानको लागि सरोकारवालासँग छलफल जारी रहेको छ ।

विद्युत् लाइन विस्तार गर्दा वीरेन्द्रनगरको सुब्बाकुना र बाँकेको बैजनाथस्थित बस्ती प्रभावित हुने भएपछि त्यहाँका नागरिकले अवरोध गरेका छन् । विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) अनुसार बैजनाथ गाउँपालिका-१ गाभर र वडा नं ४ को बानियाँभार हुँदै लाइन विस्तार गर्नुपर्नेछ ।

लाइन विस्तारले बस्ती र खेतीयोग्य जमिनमा असर पुग्ने भन्दै स्थानीयले विरोध जनाएका छन् । स्थानीयले आफ्नो खाली जग्गामा समेत खम्बा हाल्न नदिएर अवरोध गरिरहेका छन् । पछिल्लोपटक विवाद समाधान गर्नका लागि प्रदेश तथा सङ्घीय सांसदले समेत प्रभावित क्षेत्रमा पुगेर स्थानीयसँग छलफल गरेका छन् ।

आयोजना कार्यालय उचित मुआब्जा दिएर विवाद समाधान गर्न तयार छ । स्थानीयले नमानेका कारण समस्या भएको हो । त्यस्तै, सुर्खेत-दैलेख दोस्रो खण्डको निर्माण कार्य सुरू भएको छ । दोस्रो खण्डअन्तर्गत सुर्खेतको सुब्बाकुनादेखि दैलेखको चुप्रासम्म विद्युत् विस्तारको काम सुरू गरिएको हो ।

आयोजना प्रमुख चौधरीका अनुसार दोस्रो खण्डमा डिजाइन, सर्वे, माटो परीक्षणलगायत काम सम्पन्न भएका छन् । गत वैशाखमा ठेक्का सम्झौता गरी दोस्रो खण्डको काम थालिएको उहाँले बताउनुभयो । विसं २०८२ वैशाखसम्म निर्माण सम्पन्न गर्ने गरी दोस्रो खण्डको काम थालिएको बताइएको छ ।

दोस्रो खण्डको कामका लागि रू. ७५ करोडमा ठेक्का सम्झौता गरिएको छ । डिजाइनको काम सकिएकाले अब फाउन्डेसन निर्माण कार्य सुरू गरिने आयोजनाले जनाएको छ । कर्णालीको विकास र सम्मृद्धिसँग जोडिएको यो विद्युतीकरण जति छिटो हुन्छ त्यति चाँडै यहाँको विकासमा टेवा पुग्ने विश्वास रहेको छ ।

सो लगानी दुईवटा चार सय केभी प्रसारण लाइनको सबस्टेसन निर्माण गर्नेसहितको रहेको छ । नलगाड जलविद्युत् आयोजना चार सय १७, जगदुल्ला जलविद्युत् आयोजना एक सय छ, ८२ दसमलव तीन मेगावाटको विद्युत् यही भेरी करिडोरमार्फत राष्ट्रिय प्रसारणमा जडान हुने लक्ष्य राखिएको छ । त्यस्तै, सात मेगावाटको ताक्सुगाड जलविद्युत् आयोजनाको विद्युत् समेत यही सबस्टेसनमार्फत जडान हुनेछ ।

### सवारी दुर्घटनाः सुदूरपश्चिममा साढे तीन वर्षमा ६ सय ७४ को मृत्यु

महेन्द्रनगर (कञ्चनपुर), १६ चैत (रासस) । सुदूरपश्चिम प्रदेशमा विगत साढे तीन वर्षको अवधिमा सवारी दुर्घटनामा परी ६ सय ७४ जनाको मृत्यु भएको छ । आर्थिक वर्ष २०७७/७८ देखि गत फागुन मसान्तसम्म सुदूरपश्चिमका नौवटा जिल्लामा सवारी दुर्घटनाबाट ६ सय ७४ जनाको मृत्यु भएको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय अत्तरियाले जनाएको छ ।

ट्राफिक व्यवस्थापन कार्यालयका अनुसार चालु आवको फागुनसम्म सुदूरपश्चिममा एक सय १४ जनाको मृत्यु भएको छ । आव २०७७/७८ मा एक सय ८७, आव २०७८/७९ मा एक सय ९६, आव २०७९/८० मा एक सय ७७ जनाले सवारी दुर्घटनाबाट ज्यान गुमाएका कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक अनिल उप्रेतीले जानकारी दिनुभयो । अनियन्त्रित गति र सडकका कारण बढीजसो दुर्घटना हुने गरेको उहाँको भनाइ छ ।

जिल्ला ट्राफिक कार्यालय कञ्चनपुरका प्रमुख प्रहरी निरीक्षक नरेश विकले तीव्र गति र लागुऔषध सेवन गरेर सवारी चलाउँदा दुर्घटना हुने गरेको बताउनुभयो ।

प्रनि विकले पछिल्लो समय राजमार्गमा भन्दा भित्री सडकहरूमा दुर्घटना बढी हुने गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "भित्री सडकहरूमा बढी दुर्घटना हुने गरेको पाएका छौं । ग्रामीण सडकमा अझै ट्राफिक व्यवस्थापन प्रभावकारी हुन सकेको छैन ।"

### राजस्व छलीका गाडी र मोटरसाइकलसहित तीनजना पक्राउ

काठमाडौँ, १६ चैत । राजस्व छलीका गाडी र मोटरसाइकलसहित तीनजनालाई प्रहरीले पक्राउ गरी शुक्रबार सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा काठमाडौँ नागार्जुन नगरपालिका-७ रामकोट घर भई काठमाडौँ कीर्तिपुर नगरपालिका-२ बस्ने २७ वर्षीय किशोर गिरी, धादिङ धुनिबेँसी नगरपालिका-७ घर भई भक्तपुर सल्लाघारी बस्ने २७ वर्षीय प्रवीन गिरी र काभ्रेपलाञ्चोक महाभारत गाउँपालिका-२ घर भई भक्तपुरको भक्तपुर नगरपालिका-६ बस्ने ३० वर्षीय रमेश गिरी रहेको उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक नकुल पोखरेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार गाडी र मोटरसाइकल भन्सार छली तथा चोरीपैठारी गरी कारोबार भइरहेको भन्ने सूचनाका आधारमा प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो । यसैगरी, भक्तपुरका विभिन्न स्थानमा गाडी र मोटरसाइकल भन्सार छली चोरीपैठारी गरी भारतबाट नेपाल ल्याई ड्राइभिङ सेन्टरमा प्रयोग गरेको पाइएकाले एक थान गाडी र दुई थान मोटरसाइकलसमेत बरामद गरिएको प्रहरीले जनाएको छ । पक्राउ परेकालाई आवश्यक कारबाहीका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय गौचर पठाइएको सूचना अधिकारी पोखरेलले जानकारी दिनुभयो ।

। सम्पादकीय ।

# के शासकहरूमा राजनीतिक चरित्र र नैतिकता हुँदैन ?

नेपाली काङ्ग्रेससहितको पुरानो गठबन्धन हटाएर नयाँ गठबन्धनको सरकार बन्नुको कारण वैचारिकभन्दा कुर्सीको लडाइँ हो भन्दा फरक पर्दैन । आफूले चित्तबुझ्दो पद पाउञ्जेल जोसुकै दलसँग मिल्ने र नपाएपछि सरकार ढाल्ने र अर्को सरकार बनाउने खेलमा नेका र एमाले लागिरहेकोमा शङ्का छैन । आगामी वैशाख १५ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य उपनिर्वाचनमा गठबन्धन दलको साझा उम्मेदवार तयार नहुनु या आ-आफ्नै दलका उम्मेदवारहरू उठाउनु यसको पछिल्लो दृष्टान्त हो । उपनिर्वाचनमा सत्तारूढ दलभित्रै सहमति जुट्न नसकेको खबरले उनीहरू पद र पैसाको निम्ति राजनीति गर्छन् भन्ने बोध हुन्छ । यसको कारण भर्खरै बनेको नयाँ सत्ता समीकरणमा भुइँचालो आउने हो कि भन्ने चर्चा पनि राजनीतिक वृत्तमा भइरहेको छ ।

चैत १५ को अन्नपूर्णमा 'सरकार छिटो फेरिन्छन्, प्रतिबद्धता भुलिन्छन्' शीर्षकको समाचार छापियो । नयाँ सरकार गठन गर्दा या नयाँ समीकरणको सरकार बन्दा सबैले ढिलो चाँडो साझा कार्यक्रम ल्याउँथे । तर, ती साझा कार्यक्रमहरू लागु हुँदैन या लागु गर्न नपाउँदै अर्को सरकार फेरिन्छ । प्रतिबद्धता र वास्तविकतामा धेरै अन्तर हुन्छ । विगतमा सरकारले गरेको प्रतिबद्धता पूरा नभएपछि अहिलेको सरकारले गरेको प्रतिबद्धता पनि लागु गर्ला कि नगर्ला ? शङ्का गर्ने ठाउँ छ । नयाँ सत्ता समीकरण बनेकोमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल अलि लामो समय प्रधानमन्त्री बन्ने लालसा देखिन्छ । राजनीतिक विश्लेषकहरू उनलाई अवसरवादी, छिनछिनमा बोली, वचन र रङ्ग फेर्ने पदलोभी नेताको रूपमा चिन्छन् । पुराना र ठुला पार्टीबाट केही हुँदैन भनी सत्तोसराप गर्ने पार्टी पनि त्यही पार्टीको सरकारमा सामेल भएको छ ।

सरकार जतिपटक फेरे पनि या नयाँ समीकरण भए पनि सरकारले गर्ने काम पुँजीवादी व्यवस्थाकै पक्षपोषण गर्ने या त्यसलाई बलियो बनाउनु नै रहेको छ । नेका या एमालेसँग चुनावमा गठबन्धन नभए माओवादीको स्थिति एकीकृत समाजवादी भन्दा खस्नेमा शङ्का छैन । त्यही भएर माओवादीका अध्यक्ष दाहाल पार्टी जोगाउन कहिले को कहिले कोसँग मिल्छन्, गठबन्धनमा सहभागी हुन्छन् । यसैलाई अध्यक्ष दाहाल क्रमभङ्ग भएको ठान्छन् । यसैलाई अध्यक्ष दाहाल ठुलो काम गरेको भनी गर्व गर्छन् । कहिले एकले अर्कोलाई हिलो छ्याप्ने, पानी बाराबारको स्थितिमा पुऱ्याउने र कहिले सँगै बस्न नसक्नेसम्मको बाण छेड्ने अनि सत्ताको कुरा आएपछि घाँटी जोड्ने पनि तिनीहरूको क्रमभङ्ग नै होला । हिजो एमालेसँगको गठबन्धन बेठीक आज कसरी ठीक भयो ? वामपन्थीहरूसँगको गठबन्धन आज ठीक हिजो किन बेठीक भयो र नेकासँग घाँटी जोड्न पुग्यो ? सत्ताको सहकार्य विचार मिल्नेसित मिल्नुपर्छ भन्ने थाहा हुनेले हिजो किन विचार नमिल्ने नेका र राप्रपासित गठबन्धन भयो ? के सरकारले नेतृत्व गर्न पाएपछि शत्रु पनि मित्र, मित्र पनि शत्रु हुन्छ ? देश र पार्टी चलाउने नेताहरूको यो कस्तो चाला ?

कुनै दलसँगको सहमति तोडेर अर्को दलसँग सत्ता समीकरण गर्नु विश्वासघात गर्नु हो; बेइमानी गर्नु हो । बेइमान गर्ने विश्वासघातीहरू कसरी सच्चा र सज्जन हुन्छन् ? हो, धोका र बेइमानको पनि हद हुन्छ । हरेक पटकको धोका र बेइमानीलाई क्रमभङ्ग भन्दै गर्व गर्ने शासकहरूमा के राजनीतिक चरित्र र नैतिकता हुँदैन ? पार्टीभित्रको धोका, एउटा पार्टीले अर्को पार्टीलाई धोका, गठबन्धनभित्रका दलहरूबिचको धोका नेपाली जनताले कहिलेसम्म हेरिरहने ? कहिलेसम्म सहिरहने ? के नेपाली जनताले शासकहरूको दुर्दशामात्र हेरेर बस्ने ? शासकहरूमा इज्जत र नैतिकता हुँदैन ? उनीहरू देशलाई आघात पार्ने काम गर्न किन तम्सिन्छन् ? सत्ताको वरिपरि रहेर उनीहरू रजाइँ गर्न मात्र जान्दछन् कि देशको विकास उचाइमा पुऱ्याएर जनताको जीवनस्तर उठाउन पनि जान्दछन् ? प्रगतिको उचाइमा पुग्नुपर्ने देश किन दुर्गतिमा झरिरहेको छ ? यसबारे सत्तासीन दलका नेताहरूले चिन्तनमनन गर्नुपर्दैन ?

# गठबन्धन सरकारको साझा सङ्कल्प र स्वास्थ्य क्षेत्रको चुनौती

✍ विवेक

**स्वास्थ्य विशुद्ध सेवा क्षेत्र हो । त्यसलाई व्यापारीकरण हुनबाट रोकिनुपर्छ । त्यसको लागि सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय र सहकार्य गरी जनतामा केन्द्रित स्वास्थ्य नीति बनाउनु जरुरी छ । स्वास्थ्य उपचार महँगो भएकैले पनि मानिसहरू जसरी पनि पैसा कमाउनतिर दौडेका हुन् । नेपाल सरकारले सबै सरकारी अस्पतालहरूमा आधुनिक सुविधासहितको उपचार सेवाको व्यवस्था गरी दिन सके नयाँ गठबन्धन सरकार गठन भएको जनताले केही भए पनि अनुभूति गर्नेछन् कि !**

स्वास्थ्य उपचार अहिले नेपाली जनताको ठुलो समस्या हो । सामान्य परिवारका मानिस बिरामी परे उसले घर खेत बेचेर उपचार गर्नुपर्ने अवस्था छ । सरकारी र सामुदायिक अस्पतालहरूमा राम्रो सेवा उपलब्ध भएको भए जनताले उपचारको निम्ति अहिलेको जस्तो दुःख पाउने थिएनन् । एक सर्वेक्षणअनुसार नेपालमा वार्षिक ५ लाख मानिस स्वास्थ्य उपचारकै कारण गरिबीको रेखामुनि झर्छन् ।

१४ महिनामा ३ पटक सरकार परिवर्तन भयो । नेपाली जनताले तीनै पटक साझा सङ्कल्प सुन्ने र हेर्ने अवसर पाए । जनताको रगत र पसिनामा होली खेल्ने हाम्रा शासक दलहरू स्वास्थ्य उपचारमा जनताले कति दुःख पाइरहेका छन् भन्नेमा कुनै चासोसमेत राख्दैनन् । साझा सङ्कल्प कार्यान्वयन गर्नुपर्छ भन्नेसमेत दलको तर्फबाट मन्त्री भएकाहरूले कुनै दायित्वबोध गर्दैनन् । चैत ६ गते नयाँ गठबन्धन सरकारले 'साझा सङ्कल्प' सार्वजनिक गर्यो । स्वास्थ्यबारे सङ्कल्प प्रस्तावमा भनिएको छ – १) सबै पालिकाहरूमा आधारभूत स्वास्थ्य सुविधा पुऱ्याउने, दायरा बढाउँदै किफायती

**अहिले नेपालमा धेरै स्वास्थ्यकर्मीहरूको उत्पादन भइरहेको छ । सरकारले रोजगारीको व्यवस्था र आकर्षक सेवा सुविधाको व्यवस्था गर्न नसक्दा धेरै दक्ष चिकित्सकहरू विदेश पलायन भइरहेका छन् । सन् २०२३ मा २,२२२ जना चिकित्सक उत्पादन भएकोमा २,३१८ चिकित्सक विदेश गएको तथ्याङ्कले सरकारलाई सोच्नैपर्ने अवस्थामा पुऱ्याएको छ । नेपालमा उत्पादित दक्ष जनशक्ति देशका विभिन्न अस्पतालहरूमा खटाई बिरामीहरूको सेवामा पठाउनु यो सरकारको अर्को चुनौती हो ।**

स्वास्थ्य बीमा कार्यक्रममार्फत नागरिकको स्वास्थ्य उपचार सहज बनाउने । २) सरकारी, सामुदायिक र निजी क्षेत्रबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तरको सुनिश्चितताको लागि नियमनकारी निकाय राष्ट्रिय प्रत्यायन प्राधिकरण, रोग नियन्त्रण केन्द्र बनाई स्वास्थ्य सेवाको नियमन गर्ने ।

सरकारको हरेक वर्षको नीति तथा कार्यक्रममा यस्ता राम्रा राम्रा घोषणा हुने गर्दछ । मुख्य कुरा नीति तथा कार्यक्रम, बजेट भाषण र साझा सङ्कल्पमा होइन जनतालाई वास्तविक समस्याको समाधान चाहिएको छ । जनताले भोगिरहेका समस्याबारे सम्बन्धित मन्त्रीहरूमा जानकारी नभएसम्म त्यसको समाधान सम्भव छैन । त्यसैले मन्त्रीहरू सम्बन्धित विषयको विज्ञ हुनु आवश्यक छ ।

सरकारी अस्पतालमा कार्यरत कतिपय चिकित्सकहरू नाफाखोर औषधि व्यापारीहरूसँग मिलेर बिरामीलाई चाहिनेभन्दा बढी औषधि लेख्ने, अस्पतालमा हाजिर गरेर निजी क्लिनिक वा नर्सिङहोम धाउने, अस्पतालको एक्स रे बिग्रेको भन्दै कमिसनको लागि बिरामीलाई निजी क्लिनिकमा पठाउने गर्छन् । त्यस्ता अनैतिक कार्यहरूले गर्दा नै आज सरकारी अस्पतालहरूप्रति विश्वास घट्दै गएको हो ।

सरकारले निजी अस्पताल र निजी मेडिकल कलेजलाई प्राथमिकतामा राखेसम्म स्वास्थ्य उपचारमा जनताले सहज सुविधा पाउन सम्भव हुँदैन । निजी क्षेत्रले आफ्नो लगानीअनुसार नाफा खोज्छ । उनीहरूले स्वास्थ्य क्षेत्रलाई सेवाभन्दा व्यापारिक क्षेत्र बनाएका छन् । छोटो समयमा धेरै पैसा कमाउन चाहने व्यापारीहरू उद्योगधन्दा खोल्नुको सट्टा निजी अस्पताल, मेडिकल कलेज खोल्नतिर लागे । अरबौं रुपैयाँ लगानी गर्नेहरूले एकजना विद्यार्थीसँग एमबीबीएस (स्नातक) पढ्न पनि ६०।७० लाख असुल्छन् । स्नातकोत्तर (एमडी) को लागि थप ३०।४० लाख लिने गरेका छन् । निजी क्षेत्रबाट १ जना राम्रो चिकित्सक तयार गर्न झन्डै १ करोड लगानी र ९।१० वर्षको समय आवश्यक छ । सरकारले तोकेको भन्दा धेरै शुल्क असुले पनि राम्रो अनुगमन नगर्दा मेडिकल कलेजको मनपरी चलिरहेको छ । त्यसको नियन्त्रण हुनु आवश्यक छ ।

शासक दलहरू एमाले, नेका र माओवादीहरूले मेडिकल कलेज र निजी अस्पतालहरूलाई निर्वाचन खर्च जुटाउने राम्रो स्रोत बनाएका छन् । मरेको बिरामीलाई भेन्टिलेटरमा राखेर बिरामीको परिवारसँग लाखौं असुल्नेदेखि सामान्य उपचारमा गएकालाई समेत चाहिनेभन्दा कैयौं गुणा औषधि लेखेर बिरामीको स्वास्थ्यमाथि खेलबाड गर्ने थुप्रै अस्पतालहरू छन् । तर, शासक दलका नेताहरू ती सबै कुरा बुझेर पनि आँखा चिम्लेर बसेका छन् ।

अहिलेको नयाँ गठबन्धनले के सङ्कल्प गर्यो ? त्यो जनताको खासै चासोको विषय होइन । नागरिकले सहज ढङ्गले उपचार पाउने सुविधा र विनाउपचार गरिबहरू मर्नुपर्ने बाध्यताको अन्त्य जनताको अपेक्षा हो । हुन त यसअघि केपी ओली प्रधानमन्त्री भएको बेला २०७७ साउन २८ गते ३९६ वटा र सोही वर्ष पुस १२ गते २५९ वटा पालिकास्तरीय अस्पतालहरूको शिलान्यास भएको थियो । भूगोल र जनसङ्ख्याको आधारमा प्रत्येक पालिकामा ५, १० र १५ शय्याको अस्पताल बनाउने नीतिअन्तर्गत त्यो कार्यक्रम भएको थियो । शिलान्यास कार्यक्रम जति तामझामका साथ भयो काम भने हुन सकेन । अहिलेसम्ममा मुस्किलले २ दर्जन अस्पतालहरू बनेका होलान् । अरू त कतै जग्गा विवाद, कतै बजेट अभाव त कतै ठेकेदारले काम नगर्दा अलपत्र भएर धेरैजसो बेवारिसे अवस्थामा रहेका छन् ।

अहिले माओवादी अध्यक्ष प्रचण्ड नेतृत्वको सरकार भए पनि गठबन्धन दलको सबैभन्दा ठुलो दल एमाले नै हो । एमाले अध्यक्ष केपी ओली प्रधानमन्त्री भएको बेला सुरु गरेका पालिकास्तरीय अस्पतालहरूको भौतिक पूर्वाधारहरू तयार गरी सञ्चालनमा ल्याउनु अहिलेको सरकारको ठुलो चुनौती हो ।

स्वास्थ्य बीमा सुरु भएको ५।६ वर्ष भयो । बीमाले गरिब परिवारलाई उपचारमा धेरै राहत मिलेको पनि हो । तर, बीमाका कार्यक्रमप्रति जनता विश्वस्त हुन सकेका छैनन् । अहिले ७४ लाख बिमितमध्ये ४७ लाखमात्रै सक्रिय बिमितहरू रहेको तथ्याङ्कले देखाएको छ । फार्मेसीमा औषधि उपलब्ध नहुनु, सरकारले अस्पतालहरूलाई बिमाबापत भुक्तानी समयमा उपलब्ध नगराउनु र झन्झटिलो प्रक्रिया आदिका कारण जनता बीमातर्फ आकर्षित हुन सकेका छैनन् । भनपाद्वारा सञ्चालित ख्वप अस्पतालको बीमाबापतको १४ करोडभन्दा बढी भुक्तानी बाँकी भएको अस्पतालले जनाएको छ भने भक्तपुर क्यान्सर अस्पतालको फर्मेसीमा रकम अभावको कारण धेरैजसो औषधि अभाव भएको बताइन्छ । स्थानीय सरकारको सिफारिसमा विपन्न परिवारलाई रु. १ लाख बराबरको स्वास्थ्य उपचार गर्ने सरकारी नीतिअनुसारका उपचारबापतको ९ करोडभन्दा बढी र बीमाको पनि ठूलो रकम भुक्तानी बाँकी भएको कारण कठिनाइ भोग्नुपरेको अस्पतालका पदाधिकारीहरूको भनाइ छ । देशैभरका अस्पतालहरूको स्थिति योभन्दा फरक नहोला । यसर्थ, 'स्वास्थ्य बीमा कार्यक्रममार्फत नागरिकको स्वास्थ्य उपचारमा पहुँच पुऱ्याउने' सरकारको सङ्कल्प कार्यान्वयन अर्को यस सरकारको चुनौती हो ।

जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव अहिले स्वास्थ्यमन्त्री भएका छन् । उनी यसअघि २०७५ सालमा पनि स्वास्थ्यमन्त्री भइसकेका हुन् । त्यतिबेला 'स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउने विश्वव्यापी प्रयासको ४० औं वर्षगाँठमा कजाकिस्तानमा आयोजित स्वास्थ्य सम्मेलनमा उनले 'सबैको लागि स्वस्थ्य' लागु गर्न नसक्ने बताएका थिए (हिमाल, २०७८ असार) । नेपालको संविधानले आधारभूत स्वास्थ्य उपचार निःशुल्कको व्यवस्था गरेको छ । हाम्रा स्वास्थ्यमन्त्री अन्तर्राष्ट्रिय सम्मेलनमा समेत संविधानविपरीत बोल्न पछि पर्दैनन् । त्यस्तो बेलगाम भाषण गर्ने छुट अहिलेको स्वास्थ्यमन्त्रीलाई छैन ।

नेपाल सरकारले स्वास्थ्य क्षेत्रमा देशको कुल बजेटको ४ प्रतिशतमात्रै छुट्याइएको देखिन्छ । जनसङ्ख्याको आधारमा यो अत्यन्तै न्यून बजेट हो । देशको लागि आवश्यक बजेटको व्यवस्थापन अत्यन्त जरुरी छ । सबै पालिकाहरूमा भौतिक पूर्वाधारहरू निर्माणमात्रै होइन, आवश्यक स्वास्थ्य उपकरणहरू र जनशक्तिको उपलब्धता आवश्यक छ ।

अहिले नेपालमा धेरै स्वास्थ्यकर्मीहरूको उत्पादन भइरहेको छ । सरकारले रोजगारीको व्यवस्था र आकर्षक सेवा सुविधाको व्यवस्था गर्न नसक्दा धेरै दक्ष चिकित्सकहरू विदेश पलायन भइरहेका छन् । सन् २०२३ मा २,२२२ जना चिकित्सक उत्पादन भएकोमा २,३१८ चिकित्सक विदेश गएको तथ्याङ्कले सरकारलाई सोच्नैपर्ने अवस्थामा पुऱ्याएको छ । नेपालमा उत्पादित दक्ष जनशक्ति देशका विभिन्न अस्पतालहरूमा खटाई बिरामीहरूको सेवामा पठाउनु यो सरकारको अर्को चुनौती हो ।

संविधानले ३ तहको सरकारको व्यवस्था गरेको छ । सङ्घ सरकारले विशिष्टिकृत अस्पताल, प्रदेश सरकारले सबै प्रदेशमा १०० देखि ३०० शय्याको अस्पताल र सबै स्थानीय तहले १५–१०० शय्यासम्मको अस्पतालको बन्दोबस्त गर्न सके व्यापारिक प्रयोजनका लागि खोलिएका सबैजसो निजी अस्पतालहरू बन्द हुने अवस्थामा पुग्नेछन् । त्यसको लागि सबै स्थानीय तहलाई केन्द्र र प्रदेशले भौतिक पूर्वाधार निर्माण, स्वास्थ्य उपकरण र आवश्यक जनशक्ति व्यवस्थापन गर्नुपर्नेछ ।

सरकारी मेडिकल कलेजहरू सञ्चालनतर्फ सङ्घ र प्रदेशले ध्यान दिनुपर्ने र राम्रा राम्रा विद्यार्थीको रोजाइका विषय चिकित्सा शिक्षा हुने हुँदा चिकित्सा शिक्षा पूर्ण निःशुल्क गर्नु आवश्यक छ । छात्रवृत्तिमा पढ्ने चिकित्सकहरूलाई सरकारले जुनसुकै क्षेत्रमा पनि खटाउन सकिन्छ । वर्तमान सरकारले यसतर्फ ध्यान दिने जनताको आशा छ ।

धेरै लगानी गरेर पढेर आएका चिकित्सकहरू एकातिर सरकारले केही वर्षदेखि लोकसेवामा भर्ना नखोलेको र अर्कोतिर सरकारले शाखा अधिकृतकै तलब सुविधामा करारमा नियुक्त गरी काममा लगाउने गर्नाले पनि कति चिकित्सकहरूले देश छोड्ने सोच बनाएका छन् । त्यसलाई समयमै रोक्नेतर्फ ध्यान दिइएन भने अबको ८।१० वर्षपछि नेपालीहरूलाई उपचार गर्ने राम्रा चिकित्सकहरू नपाउने अवस्था आउन सक्छ ।

स्वास्थ्य विशुद्ध सेवा क्षेत्र हो । त्यसलाई व्यापारीकरण हुनबाट रोकिनुपर्छ । त्यसको लागि सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय र सहकार्य गरी जनतामा केन्द्रित स्वास्थ्य नीति बनाउनु जरुरी छ । स्वास्थ्य उपचार महँगो भएकैले पनि मानिसहरू जसरी पनि पैसा कमाउनतिर दौडेका हुन् । नेपाल सरकारले सबै सरकारी अस्पतालहरूमा आधुनिक सुविधासहितको उपचार सेवाको व्यवस्था गरी दिन सके नयाँ गठबन्धन सरकार गठन भएको जनताले केही भए पनि अनुभूति गर्नेछन् कि !

# मस्को आक्रमण, आतङ्कवादी हमला वा अमेरिकी छद्‌मयुद्ध ?

✍ योगेन्द्रमान बिजुक्छें

*तर, घटनाक्रमले देखाउँछ, युक्रेनले रुसी भूमिभित्र घुसपैठ गराएर टारगेट किलिङ तथा बम विस्फोटका घटनाहरू पनि गराउँदै आएको देखिन्छ । गत वर्ष अप्रिल २ मा सेन्टपिटर्सबर्गको एक रेस्टुराँमा रसियन ब्लगर भ्याडुलेन तातास्कीको हत्या पनि यसैको श्रृङ्खला थियो । रुसको निजी सैनिक समूह वागनर ग्रुपका प्रमुख प्रिगोजिनको गत वर्ष जून महिनाको विद्रोहसमेतलाई यही सिलसिलामा हेर्नुपर्ने हुन्छ ।*

**आतङ्कवाद या स्वाधीनताको लडाइँ**

कुनै स्थान विशेषमा थोरै मानिसहरूको समूहले हतियारसहित गरिने योजनाबद्ध आक्रमण जसले ठुलो क्षति पुऱ्याउँछ भने त्यसलाई 'आतङ्कवादी हमला' भन्ने गरिन्छ । नेपाली शब्दभण्डार (डा. नरेन्द्र चापागाई) का अनुसार 'आतङ्कवाद मानिसलाई डर देखाएर तथा धम्क्याएर वा त्रास देखाएर हिंसात्मक विद्रोहको रूपमा प्रभुत्व स्थापना वा कार्यसिद्धि गर्ने विचार वा सिद्धान्त' हो । हुन त आतङ्कवाद (Terrorism) वा आतङ्कवादी (Terrorist) पश्चिमा साम्राज्यवादी र उपनिवेशवादी देशहरूले प्रयोगमा ल्याएको शब्द हो । उपनिवेशकालमा साम्राज्यवादी देशहरूले ल्याटिन अमेरिका, अफ्रिका र एसिया महादेशका निर्धा र निमुखा देशहरूलाई सैनिक बलका आधारमा गैरकानुनीरूपमा निर्ममतापूर्वक दबाएर आफ्नो बसमा पारेका थिए । तीमध्ये धेरै देशका जनताले त्यसको विरोध गरे तर उनीहरूको पनि निर्ममतापूर्वक हत्या गरियो । साम्राज्यवादी देशहरूको अत्याचारलाई सहन नसकेपछि उनीहरूले प्रतिरोधमा सानो स्केलमा भए पनि साम्राज्यवादी सैनिकप्रति प्रत्याक्रमण गर्न थाले । यसैलाई पश्चिमा साम्राज्यवादी देशहरूले आतङ्कवादी हमलाको संज्ञा दिन थालेका थिए । त्यसैले यस शब्दलाई फरक कोणबाट बुझ्नुपर्ने हुन्छ । गरिब देशहरूले आफ्नो देश मुक्तिको लागि गर्ने लडाइँ स्वाधीनताको लडाइँ हो । तर, यसलाई साम्राज्यवादी र उपनिवेशवादीहरूले आतङ्कवादको संज्ञा दिन्छन् । तर, बीसौँ शताब्दीको उत्तरार्द्धमा आएर आतङ्कवादी क्रियाकलापको उद्देश्य र स्वरूप हिजोको स्वाधीनताको लडाइँसँग मात्र सीमित रहेन । आतङ्कवादी हमलाहरू छद्‌मयुद्धको एउटा हिस्सा भएको प्रतीत भइसकेको छ ।




गत मार्च २२ मा हमला गरिएको मस्कोस्थित क्रकर्स सिटी हल

**छद्‌मयुद्धको नयाँ श्रृङ्खला**

दुई शक्ति राष्ट्रबिचको आमनेसामने लडाइँको अवस्थालाई तार्न कुनै स्वार्थ समूह विशेषलाई उकास्दै हातहतियार र पैसा तथा तालिम नै दिएर एक शक्तिले अर्को शक्तिमाथि हाबी हुन कुनै देशका दुई परस्परविरोधी राजनैतिक पक्षहरूबिचमा लडाइँ गराउने कार्य दोस्रो विश्वयुद्धको सङ्घारमै सुरु भइसकेको थियो । सन् १९३६ देखि १९३९ सम्म चलेको स्पेनको गृहयुद्ध यसको ज्वलन्त उदाहरण हो । दोस्रो विश्वयुद्धपछि भने तात्कालीन दुई महाशक्तिहरू अमेरिका र सोभियत सङ्घबिच सुरु भएको शीतयुद्धपश्चात् एक नयाँखाले लडाइँ देखापर्न थाल्यो । विशेषगरी सोभियत सङ्घको नयाँ शक्ति र उसको सहयोगमा तेस्रो विश्वका गरिब देशहरू उपनिवेशबाट मुक्त हुँदै गएपछि अमेरिकाको जासुसी संस्था सीआईएले यसलाई रोक्न व्यवस्थितरूपमै नयाँ नीति अपनायो । समाजवाद स्थापना भएका देश र आफ्नो स्वार्थ भएका देशहरूमा आफ्ना कठपुतली सरकार स्थापना गर्न अमेरिकाले अनेक हठकण्डा अपनाउँदै जन निर्वाचित सरकारहरूलाई समेत सत्ताच्युत गर्ने घृणित, अनैतिक, अप्रजातान्त्रिक र गैरकानुनी युद्धहरू गर्ने नीतिको सुरुवात गर्‍यो । यस्तो युद्धलाई नै छद्‌मयुद्ध वा अङ्ग्रेजीमा Covert War/Operation वा Proxy War भनियो ।

यस्तो छद्‌मयुद्धमा हतियार र सेनाको मात्र प्रयोग गरिँदैन, बरु आर्थिक प्रलोभन र लेनदेन, प्रपोगन्डा, राजनैतिक आन्दोलनहरू पनि हुन्छन् । आज संयुक्त राज्य अमेरिका छ्दमयुद्धको कारण बदनाम छ । युक्रेनको जननिर्वाचित यानुकोभिजको सरकारलाई सन् २०१४ मा सडक आन्दोलनबाट अपदस्त गराएको घटना र जेलेन्सिकीलाई उक्साएर नाटोमा सामेल गराउने प्रपञ्चले निम्त्याएको युक्रेन-रुस द्वन्द्व अमेरिकाले गराउने छद्‌मयुद्धको ताजा उदाहरण हो । छद्‌मयुद्धकै सिलसिलामा सन् ८० को दशकसम्म आइपुग्दा अमेरिका आतङ्कवादी समूह स्थापना गर्ने हदसम्म पुग्यो । अल काइदा यसको ज्वलन्त उदाहरण हो । सन् २०११ मा ट्युनिसियाबाट सुरु भएको अरब सिप्रिङ भनिने आन्दोलन सन् २०१५ मा सिरियासम्म आइपुग्दा बसर अल असादलाई पदच्युत गर्न अमेरिकाले नै ISIS को स्थापना गरेको बारेमा धेरै चर्चा परिचर्चा नचलेको होइन ।




मस्को हमलामा संलग्न भनिएका ISIS–K खोर्सानका चार आतङ्ककारीहरू ।

**रुसमा आतङ्कवादी हमलाको श्रृङ्खला**

सोभियत रुस आकारमा एक विशाल देश भएकोले जातीय विविधतामा धनी हुने नै भयो । कुल जनसङ्ख्याको ८० प्रतिशत रुसी जाति भए पनि अन्य २० प्रतिशतमध्ये १८० अन्य जातजाति रहेको मानिन्छ । जसमा तातार मुस्लीम, जर्जियन, चेचेन, युक्रेनी, बेलारुसी, ताजकि, उज्बेक, यहुदी आदि हुन् । समाजवादी बन्दोबस्त रहेको सोभियत सङ्घको ७० वर्षको इतिहासमा यी विभिन्न जातजातिहरूमा कुनै ठुलो द्वन्द्वका घटनाहरूका बारेमा विरलै सुन्नमा आउँथ्यो । तर, सन् १९९० मा सोभियत सङ्घको विघटन भएर समाजवादी बन्दोबस्तलाई भत्काउन उद्यत रहेका बोरिस यल्सिन र गोर्भाचोभजस्ता देशघातीहरूको कारणले पुँजीवादी प्रणालीको सुरुवात गरायो । यसले अमेरिकी र अन्य पश्चिम युरोपका साम्राज्यवादीहरूलाई चलखेल गर्ने थप मौका जुरायो । सोभियत सङ्घ र वरिपरिका समाजवादी देशहरूलाई टुक्रा टुक्रा पारी समाजवादी बन्दोबस्त समाप्त पार्ने र सोभियत रुसलाई विश्वको नक्साबाटै मेट्ने षड्यन्त्रमा निरन्तर छद्‌मयुद्ध गराइरहेको अमेरिकाले जातीय द्वन्द्वको माध्यमले थप टुत्र्याउने चाल चलाइरह्यो ।

रुस पछि सन् १९९२ मा युगोस्लाभियालाई ६ टुक्रामा विभाजन गर्न सफल भयो । सन् १९९४ मा क्यास्पियन सागर र कृष्ण सागरबिचको एक सानो क्षेत्र चेचेनियाका मुस्लिम समुदायलाई विद्रोह गरायो । त्यस्तै, जर्जियलालाई नाटोमा समावेश गरी रुसलाई दक्षिणबाट पनि घेर्ने नीति लियो । यसरी रुसलाई क्रमश: कमजोर बनाउँदै सिध्याउने अमेरिकी षड्यन्त्रकै सिलसिला चलिरहँदा सन् १९९९ मा यल्सिनको राजिनामापश्चात् भ्लादिमीर पुटिन राष्ट्रपति बने । भनिन्छ, महाशक्तिबाट अधोगतिमा लागिसकेको देशलाई जसरी पनि बचाउन सोभियत जनताले एक दृढ इच्छाशक्ति भएको नेताको खोजी गरेपछि पूर्व केजीवीका प्रमुख पुटिनलाई छाने । पुटिनको सत्तारोहनपछि रुसविरुद्धको चलखेललाई विस्तारै निस्तेज पार्ने कोसिसहरू भए । अत्तालिएका अमेरिकी साम्राज्यवादले नाटो विस्तारको प्रपञ्च सँगसँगै छद्‌मयुद्धको नयाँ रूपमा आतङ्कवादी हमलाको पनि तयारी गरेको प्रस्ट हुन्छ । एउटा प्रतिवेदनको आधारमा हेर्ने हो भने विगत एक दशकदेखि त्यस्तो हमलाहरूको श्रृङ्खला रुसका विभिन्न सहर र स्थानहरूमा भएको देखिन्छ । सन् २०१६ मा दुई स्थान, २०१७ मा दुई स्थान, २०१८ मा दुई स्थान, सन् २०१९ मा एक स्थान र पछिल्लो हमला राजधानी मस्कोस्थित क्रोकस सिटिहल थिएटरमा मार्च २२ शुक्रबारको हो । पश्चिमा राजनैतिक विश्लेषक तथा विभिन्न विश्वविद्यालयका सुरक्षा मामिलाका विज्ञहरूले रुसमाथि भएका यी आतङ्कवादी हमला हुनुको कारण औँल्याइएकोमा एउटै देखिन्छ । जस्तै:- रुस सन् २०१५ मा सिरियाको गृह युद्धमा सामेल हुनु र ८० को दशकमा अफगानिस्तानमा सैनिक हस्तक्षेप गर्नु तथा चेचेन विद्रोह दबाउनु । तर, यी सबै द्वन्द्वमा अमेरिकाको प्रत्यक्ष र अप्रत्यक्ष संलग्न रहेको कुरालाई त्यस विश्लेषणमा उल्लेख गरिएको छैन । घटना क्रमले देखाउँछ, अफगानिस्तानबाट सोभियत सैनिक फिर्ता गराउन बीन लाडेनको अलकाइदा जन्माएको अमेरिकाले नै हो, सिरियामा ISIS जन्माएको अमेरिकाले हो (यो प्रस्ट दाबी पूर्वअमेरिकी राष्ट्रपति ट्रम्पको हो) । त्यसरी नै पहिलो चेचेन द्वन्द्व (१९९४-१९९६) मा CIA ले पैसा, हतियार र तालिम तथा अन्य बन्दोबस्तीका सामानले चेचेन विद्रोहलाई सघाएको धेरै प्रतिवेदनहरूले देखाएकै हो ।



अमेरिकी राष्ट्रिय सुरक्षा प्रवक्ता जोन किर्बी (बायाँ) मस्को हमलामा युक्रेनको हात नभएको दाबी गर्दै र पूर्वराष्ट्रपति ट्रम्प (दायाँ) जसले ISIS को स्थापना पूर्वराष्ट्रपति बाराक ओबामाले गरिएको दाबी गर्छन् ।

**क्रोकस सिटिहल थिएटरमा जे भयो**

गत शुक्रबार २२ मार्चमा राजधानी मस्कोमा भएको आतङ्कवादी हमलालाई लिएर निकै चर्चा परिचर्चा हुँदै छ । चाखलाग्दो कुरा घटनाको केही दिनअगाडि अमेरिकी जासुसी निकायहरूले रुसका सुरक्षा अधिकारीहरूलाई मस्कोमा केही दिनभित्रमा धेरै मानिस जमघट हुने स्थानहरूमा यस्तो हमला हुनसक्ने सूचना पाएकोले सतर्क हुन खबर गरेको तर रुसी अधिकारीहरूले त्यसलाई बेवास्ता गरेको दाबी गरे । यसले घटना घटाउनमा सीआईए र युक्रेनकै हात हुनसक्नेमा झन् शङ्का उब्जायो । राष्ट्रपति पुटिनले हमला गर्ने चारजनालाई युक्रेनमा भाग्न लाग्दा गिरफ्तार गरेकाले उनीहरू युक्रेनबाट परिचालित भएको शङ्का व्यक्त गर्दा युक्रेनी अधिकारीहरूले 'हामी हारजीतको फैसला युद्ध भूमिमै गर्छौं न कि यस्तो आतङ्कवादी हमलाको माध्यमले' भन्ने जवाफ दिए । तर, घटनाक्रमले देखाउँछ, युक्रेनले रुसी भूमिभित्र घुसपैठ गराएर टारगेट किलिङ तथा बम विस्फोटका घटनाहरू पनि गराउँदै आएको देखिन्छ । गत वर्ष अप्रिल २ मा सेन्टपिटर्सबर्गको एक रेस्टुराँमा रसियन ब्लगर भ्याडुलेन तातास्कीको हत्या पनि यसैको श्रृङ्खला थियो । रुसको निजी सैनिक समूह वागनर ग्रुपका प्रमुख प्रिगोजिनको गत वर्ष जून महिनाको विद्रोहसमेतलाई यही सिलसिलामा हेर्नुपर्ने हुन्छ । अर्को चाखलाग्दो तथ्य घटना घटेको केही घण्टामा अमेरिकी राष्ट्रिय सुरक्षा प्रवक्ता जोन किर्बीले यस घटनामा युक्रेनको कुनै हात नरहेको खुलासा गर्‍यो, जसलाई चोरको खुटा काटभन्दा चोरले खुटा उचालेजस्तो भयो । घटनाका बारेमा अनुसन्धान गर्ने रुसी अधिकारीहरूको जिम्मा हो घटनामा को संलग्न छ छैन भन्ने प्रमाणको आधारमा निष्कर्ष निकाल्ने ।

पश्चिमाले रुसमाथि गरेको चर्को आर्थिक नाकाबन्दी युरोपीय देशहरूमाथि उल्टै हानी हुँदै जानु र युक्रेनलाई मोहरा बनाई गरिएको छद्‌मयुद्धमा पश्चिमाहरू कमजोर हुँदै जानुले अटालिएका पश्चिमाहरूले आतङ्कवादी हमलाको सहारा लिएको होइन भन्न गाह्रो छ ।



गत वर्ष अप्रिल २ मा सेन्टपिटर्सबर्गको हमला गरिएको एक कफीसप र त्यसमा मारिएका रुसी ब्लगर भ्याडुलेन तातास्की (इन्सेटमा)

# बोआओ फोरममा चीनको प्रतिबद्धता, खुलापन र साझेदारी




बोआओ (चीन), २९ मार्च ( सिन्हवा) । यस वर्ष सन् २०२४ को बोआओ फोरमको एसियाली वार्षिक सम्मेलनमा विश्वले शुक्रबार सामना गरिरहेका साझा चुनौतीलाई सम्बोधन गर्न थप ऐक्यबद्धता र सहकार्यको लागि चीनले आह्वान गरेको छ ।

चीनको अगुवाइमा सम्पन्न यस सम्मेलनमा चीनले थप खुलापन र साझा विकासका आकाङ्क्षा परिपूर्तिका लागि प्रतिबद्धतासमेत व्यक्त गरेको छ ।

चीनले पछिल्ला वर्षहरूमा उच्च-गुणस्तरयुक्त विकाससमेतका सबै मोर्चामा तीव्र विकास गरिरहेको जनाउँदै यसबाट विश्व अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने तथा सबै देशको समतामूलक विकासका लागि बढीभन्दा बढी अवसर सिर्जना हुने अपेक्षा पनि गरेको छ ।

वार्षिक सम्मेलनको उद्घाटनको अवसरमा चीनका वरिष्ठ सांसद झाओ लेजीले समतामूलक यस विकास प्रयासबाट एसियाली छिमेकी मुलुकहरू अझ बढी लाभान्वित हुने विश्वास व्यक्त गर्नुभयो ।

**साझा विकास प्रतिबद्धता**

हाल विश्वले नै कमजोर आर्थिक पुनरुत्थान र क्षेत्रीय द्वन्द्वसमेतका गम्भीर चुनौती सामना गरिरहेको छ । यी विषयलाई सम्बोधन गर्न र आफू अनुकूलका परिणामहरू हासिल गर्न देशहरूबिच ऐक्यबद्धता र सहयोग अत्यावश्यक भइसकेको छ ।

नेसनल पिपल्स कङ्ग्रेस स्थायी समितिका अध्यक्ष झाओले एसियाली मुलुकहरूलाई तटस्थ रहन, एकतामार्फत शक्ति सञ्चय गर्न, एकात्मकतालाई अस्वीकार गर्न तथा कुनै एक पक्षमा आबद्ध नहुन तथा एसियालाई भूराजनीतिक प्रतिस्पर्धाको क्षेत्र हुनबाट रोक्न आह्वान गर्नुभयो ।

झाओले भन्नुभयो, "चीनले समान र नियमबद्ध बहुध्रुवीय विश्वको पक्षमा वकालत गर्दछ ।" उहाँले विश्वले समानरूपमा लाभ प्राप्त गर्ने तथा समतामूलक आर्थिक वैश्वीकरणको पक्षपोषण गर्ने बताउँदै ध्रुवीय विवादको पश्चगामी मानसिकताबाट माथि उठ्न र सही अर्थको बहुपक्षीयता अभ्यास गर्न तथा खुला विश्व अर्थतन्त्रका लागि मिलेर अघि बढ्न सबै मुलुकसँग आग्रह गर्नुभयो ।

चीन साझा विकास लक्ष्यप्रति प्रतिबद्ध रहेको बताउँदै झाओले भन्नुभयो, "चीन अहिले विश्वका १४० भन्दा बढी देशसँग मुख्य व्यापारिक साझेदार रहेको छ । धेरै मुलुकमा लगानीको मुख्य स्रोतको रूपमा चीन रहेको छ र विश्वका अधिकांश मुलुकका लागि महत्त्वपूर्ण लगानी गन्तव्यको रूपमा स्थापित छ ।"

मानवताको साझा भविष्य निर्माण गर्नेतर्फ प्रस्ताव गरिरहेको चर्चा गर्दा झाओले अगाडि भन्नुभयो, "विश्वका सबैजसो मुलुकमा राम्रो भविष्यका लागि चिनियाँ शैलीको समाधान अगाडि बढाइएको छ ।"

वर्षौंदेखि चीनले अघि बढाएका बेल्ट एन्ड रोड कार्यक्रम (बीआरआई), ग्लोबल डेभलपमेन्ट कार्यक्रम ( जीडीआई), ग्लोबल सेक्युरिटी कार्यक्रम (जीएसआई) र ग्लोबल सिभिलाइजेसन कार्यक्रम (जीसीआई) ले समृद्धि र स्थायित्वमा महत्त्वपूर्ण योगदान गरिरहेको छ ।

विश्व प्रसिद्ध औषधि उत्पादक कम्पनी अस्ट्राजेनिकाका प्रमुख कार्यकारी अधिकृत पास्कल सोरिओटले सिन्हवासँग कुरा गर्दै अर्थतन्त्रलाई बढावा दिन, नवप्रवर्तन प्रविधिलाई अगाडि लैजान तथा अर्थतन्त्रको खुलापनका लागि गरिएका प्रयासमा चीन सरकारको प्रस्ट योजनाबाट आफू निकै प्रभावित बनेको बताउनुभयो ।

**खुलापनको लागि प्रतिबद्धता**

चीनले विकास पथमा विश्वलाई नै डोऱ्याउन प्रतिबद्धता व्यक्त गरेको छ । झाओले आफ्नो सम्बोधनमा विश्वकै लागि चीनले आफ्नो ढोका खुला राखेको छ भन्नुभयो । उहाँले भन्नुभयो, "चीनले उच्चस्तरको अन्तर्राष्ट्रिय आर्थिक तथा व्यापारिक नियमहरूलाई आत्मसात गरेको छ र व्यवसाय–मैत्री वातावरण निर्माण गरिएको छ जुन बजारमुखी, कानुन आधारित र विश्वस्तरीय छ ।"

चीनले विदेशी लगानीलाई सहज तुल्याउन नकारात्मक सूचीलाई थप साँघुरो बनाएको छ भने उत्पादन क्षेत्रको पहुँचमा रहेका सबैजसो अवरोधलाई हटाइसकेको छ, झाओले भन्नुभयो ।

उहाँले एसियाली मुलुकहरूले व्यापारिक संरक्षणवादको खुलेर विरोध गर्न तथा सबै प्रकारका अवरोधहरू हटाउनेतर्फ सामूहिक आवाज उठाउन आह्वान पनि गर्नुभयो ।

चीनको आर्थिक दृष्टिकोण सम्बन्धमा भएको छलफलमा बीएफए सल्लाहकार परिषद्का सदस्य एवं फ्रान्सका पूर्वप्रधानमन्त्री जीन पियरे राफेरिनले एकात्मक ढाँचाको नीतिले अर्थतन्त्रको वृद्धिमा सहयोग नगर्ने बताउँदै गत वर्ष ५ प्रतिशतभन्दा बढी देखिएको खुला चिनियाँ अर्थतन्त्र विश्वकै लागि सुखद समाचार हो भन्नुभयो ।

"तपाईंसँग धेरै युवा जनशक्ति छ, राम्रा विश्वविद्यालय छन्, सुविधासम्पन्न अनुसन्धान केन्द्रहरू छन् र धेरै मानिसले काम पाइरहेका छन्," राफेरिनले भन्नुभयो । उहाँले चीनको नवप्रवर्तन अभियान विश्वकै लागि महत्त्वपूर्ण योगदान रहेको बताउनुभयो ।

पछिल्ला वर्षहरूमा, भूमण्डलीकरण र व्यापार बहुपक्षवादले केही देशहरूमा व्याप्त सुस्त अर्थतन्त्र र घरेलु राजनीतिको प्रभावका कारण केही अवरोध देखापरेको छ, जसको फलस्वरूप व्यापार संरक्षणवादलाई जन्म दिएको छ ।

"यदि सबै मानिसले बन्द कोठाभित्र बसेर बजारको खोजी गर्छन् भने त्यसबाट हामी समृद्धि र विकासको चाहना पूरा गर्न सक्दैनौं र अवश्य पछि पर्नेछौं," चाइना एन्ड ग्लोबलाइजेसन सेन्टरका अध्यक्ष वाङ हुइयाओले भन्नुभयो ।

**चीनमा अवसरहरू**

विगत दशकहरूमा, चीनको बलियो आर्थिक वृद्धि र विशाल बजार संरचनाले विश्वका लागि महत्त्वपूर्ण अवसर प्रदान गरेको थियो । विश्वव्यापी आर्थिक वृद्धिमा चीनले सबैभन्दा ठूलो योगदान गरेको थियो ।

झाओले १ अर्ब ४० करोड हाराहारीको जनसङ्ख्या भएको चीनको विशाल बजारको सम्भावनालाई दृष्टिगत गरी लगानी बढाउनु भविष्यकै लागि लगानी गर्नुसरह रहेको पनि बताउनुभयो । उहाँले अगाडि भन्नुभयो, "चीनको हरित विकासले वार्षिकरूपमा १० ट्रिलियन युआनको लगानी र उपभोग बजार सिर्जना गर्न तयार रहेको छ ।"

चीनको विकासको 'एक्सप्रेस ट्रेन' मा सवारी हुन र शान्तिपूर्ण विकास, पारस्परिक लाभकारी सहयोग र सबैका लागि समृद्धिसहितको विश्वव्यापी आधुनिकीकरणको लागि काम गर्न सबै देशहरूलाई हार्दिक स्वागत छ, झाओले भन्नुभयो ।

"चिनियाँ बजार हाम्रो लागि महत्त्वपूर्ण छ," अमेरिकी परामर्श साझेदारमा आबद्ध चार्ल्स डल्लाराले भन्नुभयो ।

उहाँले अगाडि भन्नुभयो, "चीनसँग उन्नत प्रविधि र हरित ऊर्जा छ । यसले घरेलु र विश्वभरि वातावरणीय समस्यालाई कम गर्न योगदान पुऱ्याइरहेको छ ।"

"मलाई लाग्छ, चीन हामीलाई अझ वातावरणीयरूपमा सुरक्षित संसारमा ल्याउन विश्वव्यापी नेता बन्न तयार छ । हामीलाई चीन र एसियाको बाँकी भागमा हाम्रो समूहको भविष्यमा विश्वास छ । यो एक गतिशील क्षेत्र हो । चीनसँग ठूलो मात्रामा श्रमशक्तिमात्र होइन, दक्ष जनशक्ति पनि छ । तपाईंले इन्जिनियर र वैज्ञानिकहरूको राम्रो नेतृत्व पाउनुहुनेछ । प्राविधिक विकासको अग्रपङ्क्तिमा र हामी चीनमा लगानी जारी राख्ने सम्भावनाहरूको बारेमा धेरै उत्साहित छौं ।"

अस्ट्रेलियामा मुख्यालय रहेको फोर्टेस्क मेटल्स समूहका प्रमुख कार्यकारी अधिकृत डिनो ओट्रान्टोले सिन्हवासँग कुरा गर्दै फोर्टस्कक्ले बोआओसँग फोरमसँग १८ वर्षदेखि दीर्घकालीन साझेदारी कायम राखेको बताउँदै विगत २० वर्षमा कम्पनीले फलामको व्यापार गरिरहेको र त्यसमध्ये ९० प्रतिशत उत्पादन चिनियाँ बजारमा जाने गरेको छ भन्नुभयो ।

# अन्तर्राष्ट्रिय अदालतद्वारा गाजामा निर्बाध सहायता अनुमति दिन आदेश

दी हेग (नेदरल्यान्ड), २९ मार्च ( सिन्हवा) । नेदरल्यान्डको हेगस्थित अन्तर्राष्ट्रिय न्यायालय (आइसीजे) ले बिहीबार इजरायललाई गाजापट्टीमा रहेका प्यालेस्टिनीका लागि आधारभूत मानवीय सहायता सुनिश्चित गर्न आदेश दिएको छ ।

इजरायलले संयुक्तराष्ट्र सङ्घसँगको सहयोगमा तत्काल आवश्यक आधारभूत सेवा र मानवीय सहायताको लागि सम्बन्धित पक्षद्वारा व्यापकरूपमा निर्बाध प्रावधान सुनिश्चित गर्न ढिलाइ नगरी प्रभावकारी उपायहरू अपनाउनुपर्ने आईसीजेले फैसलामा उल्लेख गरेको छ ।

यस सहायतामा खाद्यान्न, पानी, बिजुली, इन्धन, आश्रय, कपडा, स्वच्छता र सरसफाइ आवश्यकताहरूका साथै चिकित्सा सेवा समावेश छ । फैसलामा गाजाबाट सीमापार आवतजावत गर्ने स्थानको क्षमता र सङ्ख्या बढाइ आवश्यकताका आधारमा खुला राख्नुपर्ने जनाइएको छ ।

आइसीजेले यसअघि जनवरी २६ मा दिएको फैसलामा पनि इजरायललाई गाजापट्टीमा प्यालेस्टिनीहरूविरुद्धको नरसंहार रोक्न, प्यालेस्टिनीविरुद्धका उक्साहट रोक्न, प्रमाणहरू सुरक्षित गर्न र मानवीय सहायता सम्बन्धमा तत्काल कदम चाल्न आदेश दिएको छ ।

सन् २०२३ डिसेम्बर २९ मा दक्षिण अफ्रिकाले गाजापट्टीमा प्यालेस्टिनीहरूविरुद्ध गम्भीर मानवअधिकार उल्लङ्घन गरेको भन्दै इजरायलविरुद्ध कारबाहीको लागि आइसीजेमा मुद्दा दर्ता गरेको थियो ।

अदालतले गाजापट्टीमा प्यालेस्टिनीहरूको विनाशकारी जीवन अवस्था अझ बिग्रिएको अवस्थामा प्यालेस्टिनीहरूले खाद्यान्न र अन्य आधारभूत आवश्यकताको अभावलाई ध्यानमा राख्दै यस्तो निर्णय गरेको हो ।

पछिल्लो समय गाजामा प्यालेस्टिनीहरूले अनिकालको जोखिम मात्र सामना नगरी अनेकन मानवीय सङ्कटको सामना गर्न बाध्य भएको तथा आगामी दिनमा अझै धेरै कठिन स्थिति उत्पन्न हुन सक्ने आदेशमा उल्लेख गरिएको छ ।

# क्रिप्टो संस्थापक ब्याङ्म्यान-फ्राइडलाई २५ वर्ष जेल सजाय

न्युयोर्क, २९ मार्च (एएफपी) । क्रिप्टो कारोबारको क्रममा ठूलो अनियमितता र ठगी गरेको आरोप लागेका साम ब्याङ्कम्यान-फ्राइडलाई अमेरिकी अदालतले २५ वर्षको जेल सजाय सुनाएको छ ।

अमेरिकी जिल्ला न्यायाधीश लेविस कप्लानले फ्राइडले आफूमाथि लागेका आरोपप्रति कुनै पश्चाताप नमानेको बताउनुभएको छ । छोटो अवधिमै अर्बपतिको सूचीमा परेका फ्राइडले जानाजान वित्तीय कानुनहरू आफूले उल्लङ्घन नगरेको दाबी गर्दै आएका थिए ।

फ्राइडले अदालतसामु आफूले गल्ती भएको स्वीकार गरे पनि वित्तीय अपराध गरेकोमा कुनै पश्चाताप गरेका थिएनन् ।

न्यायाधीश कप्लानले फ्राइडलाई २५ वर्षको जेल सजाय तोक्नुका साथै अरु तीन वर्ष पनि निगरानीमा राख्ने गरी आदेश दिनुभएको छ । फ्राइडलाई ११ अर्ब अमेरिकी डलर भुक्तानी गर्न पनि आदेश दिइएको छ । उनले यो रकम विभिन्न व्यक्ति एवं संस्थाबाट चोरी गरेको अदालतले ठहर गरेको थियो ।

फ्राइड छोटो अवधिमै क्रिप्टोको दुनियाँमा माथि पुगेका थिए । उनी ३० वर्ष नपुग्दै अर्बपति भएका थिए । सन् २०१९ मा सानो स्टार्टअपका रूपमा सुरु गरेको एफटिएक्स क्रिप्टोलाई विश्वकै दोस्रो ठूलो क्रिप्टो करेन्सीमा रूपान्तरण गर्न उनी सफल भएका थिए ।

तर, नोभेम्बर २०२२ मा फ्राइडको ओरालो यात्रा सुरु भएको थियो । अलामेडा रिसर्चका अनुसार, फ्राइडले एफटिएक्सबाट अर्बौं डलर आफ्नो निजी हेज फन्डमा सारेका थिए ।

# इजरायली आक्रमणमा ३६ सिरियाली सैनिकको मृत्यु

बेरुत, २९ मार्च (एएफपी) । सिरियाको एलेप्पो प्रान्तमा इजरायलले शुक्रबार बिहान गरेको हवाई आक्रमणमा कम्तीमा ३६ जना सिरियाली सैनिकको मृत्यु भएको छ । सिरियाली युद्धको अनुगमन गरिरहेको एक संस्थाले हेज्बुल्लाह विद्रोहीले हतियार राखेको आशङ्कामा इजरायलले उक्त आक्रमण गरेको जनाएको छ ।

बेलायतमा कार्यालय रहेको सिरियाली अब्जरभेटरीले लेबनानमा सक्रिय हेज्बुल्लाह समूहको क्षेप्यास्त्र भण्डारणमा इजरायलले हवाई आक्रमण गरेको जनाएको छ । आक्रमणमा अरु दर्जनौं व्यक्ति घाइते भएका छन् ।

इजरायली विमानले एलेप्पोको अन्तर्राष्ट्रिय विमानस्थल नजिक आक्रमण गरेका थिए ।

सिरियाली सरकारी समाचार एजेन्सी सानाका अनुसार शुक्रबार बिहानै गरिएको उक्त आक्रमणबाट सिरियाली सैनिकसहित धेरै सर्वसाधारणको मृत्यु भएको छ ।

सिरियाली सैनिक स्रोतलाई उद्धृत गर्दै सानाले इजरायली लडाकु विमानले एलेप्पोको दक्षिणपूर्वी अथरियाबाट आक्रमण गरेको जनाएको छ ।

इजरायली सेनाले भने उक्त आक्रमणका बारेमा केही बताउन अस्वीकार गरेको छ ।

सन् २०११ मा सिरियामा गृहयुद्ध सुरु भएयता सैयौंपटक सिरियाली भूभागमा हवाई आक्रमण गरिसकेको छ । इजरायलले लेबनानमा सक्रिय हेज्बुल्लाह समूहलाई हतियार आपूर्ति हुन नदिन यस्तो आक्रमण गरिआएको बताउँदै आएको छ ।

गत अक्टोबर ७ मा गाजा क्षेत्रमा हमासविरुद्धको युद्ध प्रारम्भ भएसँगै इजरायलले सिरियाली भूभागमा पनि आक्रमणको सङ्ख्या बढाएको छ ।

गाजा युद्ध आरम्भ भएयता हमास समूहसँग निकट सम्बन्ध रहेको हेज्बुल्लाहविरुद्ध दैनिकजसो इजरायलले आक्रामक कारबाही गरिरहेको छ ।

पछिल्ला ६ महिनामा इजरायली आक्रमणबाट लेबनानमा कम्तीमा ३४६ जनाको मृत्यु भइसकेको छ जसमा अधिकांश हेज्बुल्लाहका लडाकुहरू रहेका छन् । स्रोतका अनुसार यी आक्रमणबाट मारिएकामध्ये कम्तीमा ६८ जना सर्वसाधारण छन् ।

# म एक 'सहयोगी'

पाण्डू

२०७४ चैत १ गतेदेखि मैले काम थालेकी थिएँ । म उहाँलाई 'सर' भनी सम्बोधन गर्थें । उहाँको उमेर ४५ वर्षको थियो । उहाँले स्वेच्छाले कलेजबाट अवकास लिनुभयो र घरमै बसेर लेखपढ गर्नुभएको थाहा पाएँ ।

उहाँको आँखामा मोटो चस्मा थियो र कम बोल्नुहुन्थ्यो । २-३ दिनअगाडि नै उहाँले मेरो कामको सूची बताउनुभएको थियो । दिइएको कामअनुसार मैले यन्त्रवत काम थालें ।

ठीक बिहानको ७ बजेभन्दा ५ मिनेट अगाडि गेटमा पुगेर सरको घरको घण्टी बजाएँ । ढोका खुल्यो, मैले कोठामा गएर सरलाई अभिवादन गरें । ढोका बिस्तारै लगाएँ र टेबुल, मेच, झ्याल-ढोका र दराजहरू सफा गरें । पानीले नरम भएको कपडाले पहिले पुछेर पछि सेतो सुकेको कपडाले पुछें ।

सानो तीनतले घर । पहिलो तलाको एउटा अलि ठुलो कोठामा १० वटा मेच र तीन वटा टेबुल थियो र ७ वटा पुस्तकले भरेको दराज । अर्को कोठामा स-साना चार वटा मेच र २ कफी टेबुल थियो । हातमुख धुने 'बाथरुम', एउटा ऐना, रुमाल, साबुन, सानो काइँयो थियो तर सफा । एक-दुइटा लुगा, कोट र पाइन्ट झुन्ड्याउने ठाउँ ढोकाको पछाडि थियो । सबै बाथरुम म दिनको दुई-तीन पटक सफा गर्थें । एक-दुई दिनमा औषधि राखेर सफा गर्थें ।

एउटा सानो कोठामा सफाइका सामान- कुचो, ब्रुस र पुछ्ने कपडा र सामानहरू थिए ।

दोस्रो तलामा 'सर' को निजी वा सुत्ने कोठा, अलि ठुलो खाट, टेबुल, केही दराज र कोठासँगै बाथरुम थियो । दराजहरूमध्ये एउटामा लुगा र अर्को दराजमा पुस्तक, कापी र लेख्ने सामान थियो भने अर्को बन्द दराजमा सीसा नभएको हुँदा भित्र के के छ थाहा भएन ।

अन्य दुई कोठामध्ये एक लेखपढ गर्ने कोठा थियो । एउटा टेबुल, मेच र पुस्तक राख्ने खुला दराजहरू छन् । टेबुलमा सीसाले छोपेको नेपालको नक्सा र अर्कोमा विश्वको नक्सा साथै कलम र सिसाकलम राख्ने भाँडाहरू थिए । भित्तामा केही तस्बिरहरू थिए ।

अर्को एउटा कोठामा एउटा खाट, मेच र एउटा सानो दराज र कफीटेबुल थियो । यसो हेर्दा कोही पाहुना आउँदा बस्ने कोठा होला भन्ने अनुमान गर्न सकिन्थ्यो, तातोपानी राख्ने थर्मस र गिलासहरू थिए ।

माथिल्लो वा तेस्रो तलाको बिचको दक्षिण भागमा पुरानो नेपाली शैलीको कौसी छ भने पूर्वको छानाको कोठामा आमा-बुबाको कोठा छ । पश्चिम भागको दक्षिणमा भान्छा कोठा र उत्तरमा पूजा कोठा, सम्भवत: आमा-बुबाको मन्दिर !

घरको छाना झिङ्गटि पुरानै शैलीको छ, सिँढीहरू पनि पुरानै काठका छन् भने भित्ताहरू लिउन लागेका पुरानै शैलीका छन् ।

(२)

सफाइपछि म नयाँ पुस्तक र समाचारपत्रहरू पढ्ने कोठाको टेबुलमा सजाएर राख्ने गर्छु, पुराना पत्रपत्रिकाहरू खुला दराजमा चाङ मिलाएकै ठाउँमा मिति मिलाएर राख्छु ।

८ बजे सर टेबुलमा आउनुहुन्छ, म माथि गएर चिया र खाजा लिएर टेबुलमा राख्छु । उहाँ चिया खाँदै समाचारपत्रहरू पढ्नुहुन्छ । कुनै कुनै पत्रिकामा रातो कलमले चिह्न लगाउनुहुन्छ । ती समाचार पत्रहरूमध्ये केहीमा 'कटिङ' अर्थात् चिह्न लगाएको शीर्षकका लेख वा समाचारहरूलाई काटेर म फाइलहरूमा मिलाएर राख्छु । विश्वका महत्त्वपूर्ण घटनाहरूबारे, साहित्य, इतिहास, लेखक, कवि, कलाकार, दार्शनिक र नेताहरूको फाइलहरूमा मिलाएर राख्नु मेरो काम हो ।

१० बजे घर पुग्छु, खाना खाईवरीमा १२ बजेसम्म पुन: 'सर' को घरमा पुग्छु । म त्यहाँ पुग्दा मेरो टेबुलमा केही टाइप गर्ने सामग्री हुन्थ्यो र टाइप गर्थें, सुरुमा कार्बन पेपर राखेर दुई प्रति बनाउँथें र अलगअलग फाइलमा राख्थें । पछि पछि कम्प्युटरबाटै दुई प्रति बनाएर फाइलमा राख्ने गरें ।

उहाँ खाना खाएर पुन: आफ्नो टेबुलमा बस्नुहुन्थ्यो र केही लेखेर टाइप गर्ने सामग्री मेरो टेबुलमा राखेर बाहिर जानुहुन्थ्यो । ४ बजे पुन: कोठामा पुग्नुहुन्थ्यो ।

मेरो काम टेलिफोन गर्नेहरूको नाम टिप्ने र फोन गर्नेहरूको टेलिफोन नम्बर टिपेर राख्ने गर्छु । मानिसहरू भेट्ने समय ५ बजेदेखि ७ बजेसम्म हो । भेट्ने मानिसहरूसँग उहाँ तलको कफीटेबुल भएकै कोठामा भेट्नुहुन्छ । म कफी र बिस्कुट लिएर टेबुलमा राखी माथि आएर काम गर्छु । कहिलेकाहीं फलफुल र चिया लैजान्थें ।

(३)

माथि बुबा अवकाश प्राप्त ६५ वर्ष नाघेका पुराना कर्मचारी र साधारण लेखपढमात्र जान्ने घरगृहस्थी हेर्ने आमा हुनुहुन्छ । यसो हेर्दा सान्है धार्मिक स्वभावका र मसिनो स्वरमा कुराकानी गर्ने र लेखपढमा लागिरहनेहरू हुनुहुन्छ । घरमा अरू परिवार देखिन, सोध्ने मेसो पनि आएन ।

सम्भवत: 'सर' अविवाहित हुनुहुन्छ । कोठामा महिलाहरूले प्रयोग गर्ने श्रृङ्गारका सामान, लुगाफाटा केही देखिन । केटाकेटीको खेलौना, जुत्ता, चप्पल र लुगा पनि देखिन ।

म ६ बजे घर पुग्छु, आमाले खाना तयार गर्नुभएको खाना खाएर ७ बजे 'सर' को घर पुग्छु । हाम्रो घर र 'सर' को घर ५ मिनेटको दुरीमा छ । बुबा पनि पेन्सने कर्मचारी हुनुहुन्छ । मेरो एक जना भाइ यसै साल हाइस्कूल पास गर्दै छन् ।

७ बजे 'सर' कहाँ पुगेर माथि टेबुलमा छरिएका पत्रपत्रिका, कागजपत्र र पुस्तकहरू सम्बन्धित ठाउँमा राखेर टेबुल, मेच सफा गर्छु । केही टाइप गर्नुपर्ने विषय छ भने टाइप गरेर 'सर' को टेबुलमा राख्छु । माथि खाना खाएर उहाँ टेबुलमा बस्नुहुन्छ । रेडियो र टीभी खोल्नुहुन्छ । म ७:३० बजे आफ्नो घर जाने गर्छु । अर्थात्, ५ मिनेट अगाडि पुग्छु र ५ मिनेट ढीलो त्यहाँबाट फर्कन्छु ।

(४)

बिहान, दिउँसो र साँझ गरेर झन्डै म ९ घण्टा काम गर्छु । काम हलुकै हो र मलाई 'सर' ले २० हजार रूपैयाँ पारिश्रमिक दिनुहुन्छ ।

२-४ वर्षअगाडि मैले समाजशास्त्र र व्यवस्थापनमा स्नातक गरेकी थिएँ । मलाई अध्यापन मन पर्दथ्यो, तर नजिक कुनै निजी विद्यालय नहुँदा म कामको खोजीमा थिएँ । एक जना दिदीले मलाई 'सर' कहाँ काम गर्ने बन्दोबस्त मिलाई दिनुभयो ।

४-५ वर्षपछि मेरो विवाह हुने भयो । मैले 'सर' सँग बिदा लिएँ । सरले खाममा केही हजार रूपैयाँ उपहार दिनुभयो ।

दिउँसो ठीक १२ बजे हुलाकबाट चिठ्ठी, पुस्तक र पत्रपत्रिकाको पुलिन्दा आउँथ्यो । पत्र र पुलिन्दा खोलेर एउटा एउटा मिलाएर फाइलमा पढ्न सजिलो होस् भनी चौकुने पारदर्शी सिसाको पेपरवेटले थिचेर राख्थें ।

४-५ बजेदेखि आउने र छलफल गर्नेहरू अनेक उमेरका युवा र युवतीहरू, पत्रकार र लेखक थिए । मेरो श्रीमान्ले कुरै कुरामा 'सर' कहाँ आफू पनि पुगेको बताउनुभएको थियो ।

मैले 'सर' को विषयमा सोध्दा उहाँले भन्नुभयो, "उहाँ भूमिगतकालका एक वामपन्थी पत्रिकाको 'स्क्रीन सम्पादकमण्डलको अध्यक्ष' हुनुहुन्थ्यो ।"

मैले सोधें, "पत्रकारिता के हो ?"

पत्रकारिता थरीथरीका छन् । औषधि पसलका औषधिहरू र पसलका वस्तुहरूजस्तै ।

"कसरी ?," मैले सोधें ।

"व्यवस्थाको विरोधमा निस्कने, व्यवस्थाको समर्थनमा लेख्ने, भएको सरकारलाई पल्टाउने, नयाँ मन्त्री र प्रधानमन्त्रीको पक्ष लिने, अस्तित्वमा रहेका सरकार पल्टाउने र नयाँ मन्त्री र प्रधानमन्त्री बनाउन चाँजो-पाँजो मिलाउने !" उहाँले बताउनुभयो ।

फेरि मैले सोधें, "कसरी ?"

"बेलायतका प्रधानमन्त्रीहरू, अमेरिकाका राष्ट्रपतिहरू, सरकारहरूसमेत शासकका कमजोरीहरूलाई उदाङ्ग्याउँदै जनमतमार्फत उथलपुथल मच्चाउँछ ।"

थप प्रश्न गरें, "के सबै पत्रकारहरू एकै प्रकारका हुन्छन् ?"

"अहँ होइन, केही चिनिएका र जानिएका हुन्छन् । बढी नजानिएका, विविधरूपका हुन्छन् । पञ्चायत कालमा ५० जना पत्रकार पास भएमा एक जना साँचो पत्रकार हुन्छ । हरेक विद्यालयमा समेत शिक्षकको रूपमा गुप्तचर हुन्थ्यो । तर, सबभन्दा बढी शासक दलहरूमा सबभन्दा बढी देशी र विदेशी गुप्तचरहरू हुन्छन् ।"

"मतलब ?" मैले प्रश्न गरें ।

मन्त्रीका विश्वासका व्यक्तिहरू, मन्त्राणी बैङ्कका मेनेजरहरूका आफन्त, मन्त्रालय र विभागका कर्मचारी, ठुलाबडाका ड्राइभर र अपरेटर आदि उहाँले केही खोल्नुभयो ।

मैले सोधें, "के सर पनि जुलुस, सभा र पार्टीहरूको गतिविधिमा भाग लिनुहुन्थ्यो ?"

"अहँ, म घरमै बस्ने गर्थें, समाचारहरू प्रिन्टरबाट प्रिन्ट गरेर हेर्ने, समाचारको भविष्यवाणी गर्ने, रङ्ग दिने, व्याख्या र विश्लेषण गर्ने गर्थे ।"

"म काम गर्दा त मसित वा घरका बुबा-आमासित कुनै छलफल र राजनैतिक कुरा गर्नुभएको मलाई थाहा छैन," मैले थप जिज्ञासा राखें ।

"उहाँकै बुबा-आमा र तिमीले बुझ्ने छैनौ, बताउने बेलासम्म त काँचो हरियो तरकारीको रूपमा रहन्छ । पत्रपत्रिकाले त्यसलाई पकाउँछ । अनि सबैले आ-आफ्नो रोजाइअनुसार ग्रहण गर्छन्," उहाँले टुङ्ग्याउनुभयो ।

(५)

'सर' कहाँ काम गर्दा मैले कहिल्यै मोबाइल चलाइन, न त कसैलाई फोन गरें । सर लेख-पढ गर्नुहुँदा अर्कै कोठामा वा तलको कोठामा काम गर्थें । घण्टी बजाएपछि वा बोलाउनु भएपछि म हाजिर हुन्थें । ४-५ घण्टा त्यहाँ बस्दा मुस्किलले ४-५ मिनेट कुरा हुन्थ्यो ।

बरोबर तातोपानी, चिया र कफी बनाउँथें । निश्चित पुस्तक र पत्रिका दिन्थें ।

७:३० बजे त्यहाँबाट घर पुग्थें र घरको काममा व्यस्त हुन्थें । भाइको पढाइलाई मौन भएर हेर्ने गर्थें । बस ।

(६)

श्रीमान्ले मसँग शनिबारको बिहान फुर्सदिलो ढङ्गले भन्नुभयो, "सरसँग २-४ वर्ष काम गरेर के सिक्यौ भनी कसैले सोधेमा तिमी के उत्तर दिन्छौ ?"

मैले तत्काल उत्तर दिएँ, "मैले के सिकेको र अन्हाएको त्यही काम गर्थें र त्यहि मैले पाएको शिक्षा थियो ।"

लौ त सुनौं, श्रीमतीजी भन्दै चिउँदो दायाँ हातमा अड्याउँदै ठट्याउरो पाराले भन्नुभयो । बिहान समयमै पुग्थें, हिजो छरिएका समाचारपत्रहरू मिलाउँथें, रेकर्ड राख्नुपर्ने, हेरेर चिह्नअनुसार म फाइलहरूमा नत्थी गर्थें । टेबुल, मेच र झ्याल ढोकालाई सुरुमा पानी र फनोलले भिजाएको रुमालले पुछ्थें र पछि सुकेको रुमालले पुच्थें । कोरोनाको समयमा स्यानीटाइजर भएको कपडाले पुछ्थें ।

"त्यही हिसाबले म दराजहरूमा सुख्खा रुमालले पुस्तकहरू झिकेर सफा गर्थें । खुला दराजमा पुस्तक र फाइलहरू झिक्दै पुछ्दै चम्काउँथें । अर्को कोठामा एक टेबुलमा हिजो रातिसम्मका चिया, कफी र पानी खाएका कप, गिलास र रिकापीहरू साबुनले सफा गरेर एक ठाउँमा घोप्ट्याउँथें ।"

"सफाइपछि म सरलाई चिया र खाजाको तयारीमा लाग्थें, नयाँ पत्रपत्रिका मिलाएर राख्थें, उहाँ शीर्षक हेरेर पत्रपत्रिका पढ्न सुरु गर्नुहुन्थ्यो ।"

"बरोबर उहाँ निश्चित किताब ल्याउन भन्नुहुन्थ्यो, म फरकफरक विषयका फरकफरक दराजबाट पुस्तकहरू लिएर उहाँको टेबुलमा राख्थें ।"

श्रीमान् मुसुमुसु हाँस्दै सुन्दै हुनुहुन्थ्यो ।

# सत्यको विजय निश्चित छ

- साहिँला

*साम्राज्यवादी युद्धपिपासुहरूले
सात दशक अघिदेखि नै
प्यालेस्टिनी भूमिमा
यहुदीहरूलाई बसाल्दै गए ।
मुसलमान र यहुदीबिच
जातीय विध्वंस मच्चाई
प्यालेस्टिनीहरूको नृशंस हत्या गरे
कतिलाई विस्थापित गरे ।
प्यालेस्टिनको प्राकृतिक स्रोत कब्जा गर्न
साम्राज्यवादीहरूले प्यालेस्टिनमाथि
दिनदहाडै युद्धविमानहरूद्वारा
रकेट, मिसाइल, बमवारुद बर्साउँदै छन् ।
प्यालेस्टिनीहरूको घर, स्कूल
कलेज, अस्पताल, मस्जिद,
शरणार्थी शिविर तथा सम्पदाहरू
ध्वस्त पार्दै छन् ।
वीर प्यालेस्टिनीहरू लड्दै छन्
युद्ध अपराधी दानव
बाइडेन, न्येतान्याहुहरूले
जबरजस्त
प्यालेस्टिन मिल्ने प्रयास गर्दै छन्
संसार अनभिज्ञ छैन
प्यालेस्टिन प्यालेस्टिनीहरूको हो ।
अनाथ बालबालिका, सुत्केरी महिला
वृद्ध घाइतेहरू
गाँसबास, उपचारबिना
खुला आकाशमुनि
छटपटाइरहेका छन् ।
संसारका न्यायप्रेमी जनता
साम्राज्यवादीहरूको ज्यादतीविरुद्ध
स्थायी युद्धविराम गराउन
आ-आफ्नै ठाउँबाट सङ्घर्ष गर्दै छन् ।
देशभक्तहरू कहिल्यै थाक्ने छैनन्
आफ्नो अस्तित्व रक्षार्थ लडिरहनेछन्
एकदिन अवश्य
प्यालेस्टिन, प्यालेस्टिनीको हुनेछ
सत्यको विजय निश्चित छ ।*

# दुई प्रश्न

कान्छा

*घुम्ने मेचमाथि बसेको
एक चार्टर एकाउन्टेन्टले
एक हस्ताक्षर गर्दा लाखौं लिन्छ,
महँगो गाडी उसैले चढ्छ,
मिठो खाना उसैले खान्छ,
उसकै घरमा डाक्टरको चाकरी
किनभने,
उसले ठुलठुला व्यापारीका
हिसाब मिलाउन
बेहिसाब धेरै मेहनत गरेको छ,
दिमाग लगाएको छ ।
एउटा झुप्रोमा बसेको किसान
बिहानै उठ्छ, बन्जर जमिनमा फरुवा हान्छ
फरुवा उछिट्टिएर खुट्टामा लाग्दा
बगेको रगत रोक्न थोत्रो टालोले बेर्छ
फेरि खन्छ, पसिना बगाउँछ दिनभर,
ज्यान सुकाउँछ
धनी, गरिब सबैलाई पाल्छ
तर,
उसको ज्याला ४ माना धान
आठ परिवारलाई खानै पुग्दैन
आधा पेट खाएर भोकै सुत्छ
उसको ज्याला किन कम ?
किनभने उसको मेहनत पुग्दैन,
उसले दिमाग लगाउँदैन ।
वाह र कस्तो भाग्य ?
xxx
एउटा साहित्यकार जीवनभर देश लेख्छ
जीर्ण शरिर बोकेर
समाजमा भएको असमानता, विभेद,
अन्याय-अत्याचार लेख्छ
गरिबका पीडामा मलम लगाउने उपाय
राज्यलाई सुझाउँछ
तर,
ऊ जेल जान्छ, बेघर बन्छ ।
किनभने,
उसको साहित्यले
बाघ र बाख्रा एकै ठाउँ रमाउने
प्रजातन्त्र लेख्दैन ।
अर्को साहित्यकार कनीकुथी
आफ्नैबारे बोक्रो लेख्छ,
राज्यको असीम कृपा लेख्छ,
अलिकति मिठा शब्दका फूलबुट्टाले चिरीच्याट्ट पार्छ
शोषण, गरिबी र मजदुरको पीडा
उसको साहित्यको विषय होइन
तर,
उसैले ठुलो मानपदवी पाउँछ
बस्नको लागि व्यस्त सहरमा
आलिसान घर पाउँछ
किनभने
ऊ राज्यलाई मनपर्ने प्रजातन्त्र लेख्छ ।
वाह ! कस्तो मेरो देश ?*

# गठबन्धन या ठगबन्धन

रामकृष्ण प्रजापति

यो गठबन्धन हो या नाटक,
लुकेको छ वास्तविकता या सत्य ।
गठबन्धनको खाकासँगै,
ठगबन्धनको षड्यन्त्र हुँदै ।
आयो जनताको अगाडि आश्वासनहरू,
थियो झूटा साझा कार्यक्रमहरू ।
फाले जनताले झूटी दलहरू,
खोजे दलहरूले ठगबन्धनका बाटाहरू ।
हुन थाल्यो अविश्वास दलहरूमा,
सुनाउनु थियो आश्वासन जनतामा ।
ठगबन्धनका साझा खोस्टा विषपान,
बनायो त्यसलाई गठबन्धनको रसपान ।
हेर ध्यानपूर्वक छ केवल त्यहाँ,
नाङ्गो बादशाहको कथा यहाँ ।
जनता निराश भयो भ्रमले,
खालि गठबन्धनको मिथ्या प्रतिबद्धताले ।
फेरि छुट्यो ठगबन्धनको छलमा,
अविश्वास भयो विश्वासको खालमा ।
बुझ्यो सबैले, गठबन्धनको खेल,
थिएन उनीहरूमा सक्कली खेल ।
यो कविता चेतनाको कथा,
जुन देख्छ त्यो सत्यता ।
रूपरेखा बन्यो यहाँ गठबन्धनको,
षड्यन्त्र भयो त्यहाँ ठगबन्धनको ।
शुभलाभको मन्त्र जप्ने गठबन्धन,
उद्योगी व्यापारी संस्थाजस्तो ।
प्रतिबद्धता सिउरिने फूल होइन,
व्यवहार गर्ने जीवनपद्धतिजस्तो ।




***देशको...***

उद्यमशीलता ऋणसम्बन्धी कार्यविधि नगरसभाबाट पारित भइसकेको अवगत गराउँदै स्वदेशी वस्तु उपभोगमा जोड दिनुपर्ने बताउनुभयो ।

भक्तपुरका प्रजिअ रोशनीकुमारी श्रेष्ठले महिलालक्षित वित्तीय साक्षरता र उद्यमशीलताबारे प्रशिक्षण आवश्यक भएको उल्लेख गर्दै यस किसिमका मेलाहरूमा उपत्यकाभित्र रहेका तर लोप हुन लागेका मौलिक कला संस्कृतिको प्रवर्द्धनमा पनि अग्रसरता लिनुपर्ने बताउनुभयो ।

भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका अध्यक्ष प्रेमकृष्ण खर्बुजाले मेला आयोजनाको उद्देश्यमाथि प्रस्ट पार्दै स्थानीय सरकारले ससाना उद्योग बचाउन बजेटको व्यवस्था गरी संरक्षण गर्ने नीति लिनुपर्ने बताउनुभयो । भक्तपुर नपामा कोसेली घर निर्माणको खाँचो रहेको औँल्याउँदै उहाँले भक्तपुरका मौलिक र स्थानीय सामग्री प्रवर्द्धनमा स्थानीय तहको अग्रसरता महत्त्वपूर्ण हुने बताउनुभयो ।

कार्यक्रममा पत्रकार महासङ्घ भक्तपुरका अध्यक्ष जगत प्रजापति, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका पूर्वअध्यक्ष चन्दनकृष्ण बाडे, उद्योग तथा वाणिज्य कार्यालयका कार्यालय प्रमुख आशिष दाहाल र भक्तपुर पर्यटन विकास समितिका सचिव दिपेश वेंजुले पनि मेला आयोजनाको उद्देश्य र महत्त्वमाथि प्रकाश पार्नुभयो ।

कार्यक्रमपश्चात् प्रमुख अतिथि तथा अतिथिहरूले मेलाको अवलोकन गर्नुभएको थियो ।

संस्कृति संरक्षण तथा पर्यटन प्रवर्द्धनका लागि घरेलु उत्पादन मेला २०८० उद्योग तथा वाणिज्य कार्यालयको सहकार्य तथा भक्तपुर पर्यटन विकास समितिको संयोजनमा भएको हो । मेला चैत आज बिहान १० बजेदेखि साँझ ६ बजेसम्म नःपुखु परिसरमा हुनेछ प्रवेश शुल्क निःशुल्क गरिएको आयोजकले जनाएको छ ।

# दक्षिण अफ्रिकाका पूर्वराष्ट्रपति जुमालाई चुनाव लड्न प्रतिबन्ध



केप टाउन, २९ मार्च (एएनआई) । दक्षिण अफ्रिकाका पूर्वराष्ट्रपति ज्याकोब जुमालाई आगामी मे महिनामा हुने राष्ट्रपतीय निर्वाचनमा उम्मेदवार हुनबाट रोक लगाइएको निर्वाचन आयोगले जनाएको छ ।

दक्षिण अफ्रिकामा आगामी मे २९ अर्थात् २०८१ जेठ १६ गते राष्ट्रपतिको निर्वाचन हुँदै छ । सन् १९९४ यता पहिलोपटक राष्ट्रपति निर्वाचन सर्वाधिक प्रतिस्पर्धात्मक हुने अपेक्षा गरिएको अल जजिराले जनाएको छ ।

दक्षिण अफ्रिकाको सबैभन्दा ठुलो दल अफ्रिकन नेसनल कङ्ग्रेस (एएनसी) परित्याग गर्नुभएका पूर्वराष्ट्रपति जुमाले हालैमात्र नयाँ दल एमखोन्टो विसिज्वे (एमके) पार्टी खोल्नुभएको छ । सन् २०२१ मा अदालतको अवहेलनाको आरोपमा केही समय जेलसजाय भोग्नुभएका जुमाले नयाँ दल खोलेर आफ्नो राजनीतिक यात्रा पुनः प्रारम्भ गर्न चाहनुभएको छ ।

दक्षिण अफ्रिकी निर्वाचन आयोगका अध्यक्ष मोसोथो मोप्याले पूर्वराष्ट्रपति जुमालाई निर्वाचनमा भाग लिन नपाउने गरी निर्णय भएको पुष्टि गर्नुभयो । उहाँविरुद्ध एक उजुरी परेको थियो, जसलाई आयोगले स्वीकार गरेको छ, अध्यक्ष मोप्याले भन्नुभयो ।

सन् १९९४ मा सत्तामा आएयता एएनसीले पहिलोपटक ५० प्रतिशतभन्दा कम मत प्राप्त गर्ने अनुमान गरिएको छ । अफ्रिकामा राष्ट्रपति निर्वाचित हुन कम्तीमा ५० प्रतिशत मत ल्याउनुपर्दछ । मुलुकको कमजोर आर्थिक अवस्था तथा अत्यधिक भ्रष्टाचारको आरोप खेपिरहेको एएनसीलाई जनमत हासिल गर्न निकै धौधौ परेको बताइन्छ ।

कुनै समय नेल्सन मण्डेलाले नेतृत्व गर्नुभएको एएनसीले यदि ५० प्रतिशतभन्दा कम मत प्राप्त गरेको अवस्थामा पार्टीले अन्य दलसँग गठबन्धन गर्नुपर्ने हुन्छ ।

भ्रष्टाचारको आरोप लागेपछि जुमाको राष्ट्रपतीय कार्यकाल सन् २०१८ मा समाप्त भएको थियो । त्यसबखत जुमालाई हटाएर सिरिल रामाफोसा राष्ट्रपति बन्नुभएको थियो ।

जुमालाई सन् २०२१ मा एक भ्रष्टाचार मुद्दामा अदालतमा उपस्थित हुन भनिए पनि उहाँ अनुपस्थित भएपछि १५ महिनाको जेल सजाय सुनाइएको थियो । उहाँलाई जेल सजाय भएपछि उहाँका समर्थकले देशव्यापी प्रदर्शन, हिंसा र लुटपाट मच्चाएका थिए । उक्त हिंसात्मक घटनामा ३५० जनाभन्दा बढीको मृत्यु भएको थियो ।

जुमालाई दुई महिनापछि औषधि उपचारको लागि भन्दै जेलमुक्त गरिएको थियो । तर, माथिल्लो अदालतले जुमालाई जेलमुक्त गर्ने निर्णय सही नभएको भन्दै पुनः जेलमै राख्नुपर्ने सजाय सुनाएको थियो ।

अहिले भने निर्वाचन आयोगले संविधानमा भएको एक प्रावधानका आधारमा जुमालाई राष्ट्रपतिमा उम्मेदवार हुनबाट रोकेको छ । आयोगका अनुसार, दक्षिण अफ्रिकाको संविधानमा कुनै पनि व्यक्तिलाई १२ महिनाभन्दा बढी समय जेलमा रहेको भए त्यस्तो व्यक्तिलाई राष्ट्रपति उठ्न नपाउने संवैधानिक व्यवस्था छ ।

पूर्वराष्ट्रपति जुमामाथि उहाँ सन् १९९० को दशकमा उपराष्ट्रपति हुँदा भएको एक हतियार खरिद सम्झौतामा भ्रष्टाचार गरेको आरोप समेत अदालतमा विचाराधीन छ ।

# गृहद्वारा हतियारको इजाजतसम्बन्धी छानबिन गर्न समिति गठन

काठमाडौँ, १६ चैत । गृह मन्त्रालयले मेडिकल व्यवसायी दुर्गा प्रसाईँको नाममा इजाजत जारी भएको हतियारको विषममा एक छानबिन समिति गठन गरेको छ । बिहीबारको गृहमन्त्रीस्तरीय निर्णयबाट मन्त्रालयका सहसचिव राजेन्द्रदेव पाण्डेको संयोजकत्वमा शुक्रबार मन्त्रालयले छानबिन समिति गठन गरेको गृहका सूचना अधिकारी एकदेव अधिकारीले जानकारी दिनुभयो ।

चैत ५ गते सर्वोच्च अदालत परिसरमा जिल्ला प्रशासन कार्यालय झापाबाट २०७५ असार २१ मा प्रसाईँको नाममा जारी भएको इजाजतपत्र २२ बोर ए ३५४७५२ नम्बरको हतियारसहित उनका दुईजना अङ्गरक्षक पक्राउ परेका थिए । पक्राउ पर्नेमा दीपक खड्का र राजकुमार धिमाल रहेका थिए ।

उक्त घटनामा परेको बन्दी प्रत्यक्षीकरणको रिटमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतबाट हतियार कानुनविपरीत इजाजतपत्र जारी भएको देखिन आएकोले सो इजाजतपत्र के कसरी नवीकरण भएको हो भन्ने सम्बन्धमा आवश्यक छानबिन गर्न गृहलाई आदेश दिँदै उनीहरूलाई रिहा गर्न आदेश भएको थियो ।

सर्वोच्चले अदालत, न्यायिक निकाय वा अन्य संवेदनशील क्षेत्रमा कुनै पनि हतियार लिई प्रवेश गर्न नपाउने सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गर्न पनि आदेश भएकोले सोही आदेश कार्यान्वयनका लागि गृहले छानबिन समिति गठन गरेको हो ।

व्यक्तिसँग रहेका हातहतियारको दुरूपयोग हुन नदिन र सर्वोच्च अदालतको आदेश कार्यान्वयनका लागि गर्नुपर्ने कामका विषयमा गृह मन्त्रालयले उक्त समिति गठन गरेको र कार्यप्रारम्भ गरेको मितिले १५ दिनभित्र प्रतिवेदन पेस गर्न भनिएको छ ।

मन्त्रालयका सहसचिव पाण्डेको संयोजकत्वमा बनेको छानबिन समितिका सदस्यहरूमा उपसचिव ऋषि पौडेल, प्रहरी उपरीक्षक सन्तोष भट्टराई तथा सदस्यसचिवमा गृहका उपसचिव अधिकारी रहनुभएको छ ।

समितिलाई जिल्ला प्रशासन कार्यालय झापाबाट २०७५ असार २१ मा दुर्गाप्रसाद प्रसाईँको नाममा जारी भएको हतियारको इजाजतपत्र तथा सोको नवीकरण सम्बन्धमा छानबिन गरी दोषीउपर कारबाहीको सिफारिस गर्ने कार्यादेश दिइएको छ ।

यस्तै व्यक्तिगत रूपमा इजाजतपत्र प्राप्त गरेका हातहतियारको प्रयोग सम्बन्धमा मापदण्ड निर्धारण गर्ने, हातहतियार नवीकरण सम्बन्धमा भएको कानुनी व्यवस्था र अभ्यासको विश्लेषण गरी हातहतियार खरखजानासम्बन्धी ऐन र सोसँग सम्बन्धित प्रचलित कानुनमा गर्नुपर्ने सुधारका विषयहरू पहिचान गर्ने तथा इजाजत प्राप्त हातहतियार खरखजानाको दुरूपयोग रोक्न सोको अनुगमन, नियमन र नियन्त्रणका सम्बन्धमा गरिएको अभ्यासको समीक्षा गर्नेलगायतका कार्यादेश रहेको गृह मन्त्रालयले जनाएको छ । यस्तै समितिलाई हतियारको अभिलेख व्यवस्थापन र नियमन सम्बन्धमा उपयुक्त ढाँचा पहिचान गर्ने तथा माथिका विषय समेटेर राय-सुझावसहितको प्रतिवेदन बुझाउन भनिएको छ ।

हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# राष्ट्रपतिद्वारा विधेयक प्रमाणीकरण

काठमाडौँ, १६ चैत (रासस) । राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार अनुगमन तथा मूल्याङ्कन व्यवस्था गर्न बनेको विधेयक प्रमाणीकरण गर्नुभएको छ । सङ्घीय संसद्को दुवै सदनको बैठकबाट पारित भएको उक्त विधेयक राष्ट्रपतिले शुक्रबार प्रमाणीकरण गर्नुभएको राष्ट्रपति कार्यालयले जनाएको छ ।

"सङ्घीय संसद्को दुवै सदनबाट पारित भई प्रमाणीकरणको लागि पेस हुन आएको नेपालको संविधानको धारा १२३ को उपधारा (२) बमोजिम राष्ट्रपतिले उक्त विधेयक प्रमाणीकरण गर्नुभएको छ", राष्ट्रपतिको कार्यालयका प्रवक्ता शैलजा रेग्मी भट्टराईद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

# आइतबारदेखि मौसम सुधार हुने

काठमाडौँ, १६ चैत (रासस) । केही दिनयता हल्का वर्षासहित मौसममा भइरहेको बदली शनिबारसम्म जारी नै रहने र आइतबारदेखि क्रमशः सुधार हुने जल तथा मौसम विज्ञान विभागले जनाएको छ । न्यून चापीय वायुको प्रभाव आइतबारदेखि कमजोर भई मौसममा सुधार हुने महाशाखाको पूर्वानुमान छ ।

महाशाखाका मौसमविद् राजु प्रधानाङ्गले स्थानीय वायुको प्रभाव, नेपाल नजिकै रहेको न्यून चापीय वायुको प्रभाव, बङ्गालको खाडीबाट आएको वाफयुक्त वायु नेपालतिर आएका कारण विशेषगरी मुलुकको पूर्वी क्षेत्रमा प्रि-मनसुन सक्रिय भएको बताउनुभयो । "हाल देशभर आंशिकदेखि सामान्य बदली रहेको छ । वाग्मती प्रदेश र गण्डकी प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा हल्का वर्षा भइरहेको छ", उहाँले भन्नुभयो ।

महाशाखाका अनुसार आगामी २४ घण्टामा कोसी, वाग्मती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भागका केही स्थानमा मेघगर्जनसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ ।

देशका उच्च पहाडी तथा हिमाली भू-भागका थोरै स्थानमा हल्का हिमपातको सम्भावना भएकाले त्यस क्षेत्रमा दैनिक जनजीवनलगायत कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा आंशिक असर पर्ने सम्भावना रहेकोले सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ ।

# सांसद गुरूङको निलम्बन फुकुवा

काठमाडौँ, १६ चैत (रासस) । सर्वोच्च अदालतले नेपाली काङ्ग्रेसका प्रतिनिधिसभा सांसद टेकबहादुर गुरूङको निलम्बन बदर गर्ने आदेश गरेको छ । न्यायाधीशद्वय मनोजकुमार शर्मा र विनोद शर्माको इजलासले शुक्रबार मनाङबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित गुरूङको निलम्बन बदर गर्ने आदेश गरेको हो ।

आदेशमा भनिएको छ, "निवेदकलाई मिति २०७९/९/०८ देखि स्वतः निलम्बन रहेको भनी सङ्घीय संसद् सचिवालयबाट मिति २०७९/९/१२ मा प्रकाशित सूचना र सोसँग सम्बन्धित अखितयार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०७९/९/८ मा भएको निर्णय तथा सोको आधारमा गरिएको पत्राचार नेपालको संविधानको धारा २० (५), ८७, २४६ (३), सङ्घीय संसद् सचिवालयसम्बन्धी ऐन, २०६४ को दफा ९, प्रतिनिधिसभा नियमावली, २०७९ को नियम २४८ (३), (४) को प्रयोग र व्याख्याको दृष्टिले त्रुटिपूर्ण रहेको देखियो ।"

अदाललते २०७९ पुस ८ देखि स्वतः निलम्बन रहेको भनी सङ्घीय संसद् सचिवालयबाट २०७९ पुस १२ मा जारी भएको सूचना र सोसँग सम्बन्धित अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट २०७९ पुस ८ मा भएको निर्णय तथा सोको आधारमा गरिएको पत्राचार उत्प्रेषणको आदेशले बदर गरेको छ ।

प्रतिनिधिसभा सदस्य गुरूङलाई तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाको नेतृत्वमा सरकारमा श्रम तथा रोजगार राज्यमन्त्री हुँदा काठमाडौँ भृकुटीमण्डपमा रहेको फनपार्कको जग्गा भाडामा लगाउँदा भ्रष्टाचार गरेको अभियोग लागेको थियो ।

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा